जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक २० • २०८३ साल जेठ २६ गते मंगलबार (9 June, Tuesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मन्त्री अहिरलाई बर्खास्त गर्न माग

**टुडे समाचारदाता**

काठमाण्डु । सर्वोच्च अदालतले पार्टी विभाजनलाई अवैध घोषणा गरेपछि जसपा नेपालका प्रदेश सांसदलाई लुम्बिनी प्रदेश सरकारद्वारा मन्त्री पदको शपथ गराइएको भन्दै प्रवक्ता मनिष सुमनले आपत्ति जनाएका छन्।



लुम्बिनी प्रदेशमा भण्डारीलाल अहिरलाई सोमवार मन्त्रिमण्डलमा समावेश गरिएको छ ।यस अघि उनी जसपा नेपालबाट अलग भै जसपा तर्फ लागेका थिए।

पार्टीका प्रवक्ता सुमनले अहिरलाई तत्काल मन्त्री पदबाट बर्खास्त गर्न माग गरेका हुन्। 'हाम्रो यस न्यायसंगत र कानुनी मागलाई नजरअन्दाज गरिएमा सम्मानित अदालतको मानहानी गर्ने तथा बलमिच्याइँमा उत्रिने लुम्बिनी प्रदेश प्रमुख, मुख्यमन्त्री र एमाले-कांग्रेस सत्ता गठबन्धनविरुद्ध जसपा नेपाल सशक्त कानुनी प्रक्रियामा जान बाध्य हुने जानकारी गराउँदछौं ' विज्ञप्तिमा भनिएको छ।

सर्वोच्च अदालतले जसपालाई अमान्य ठहर गर्दै जसपा नेपाललाई वैधानिकता प्रदान गरिसकेको अवस्थामा अहिरको मन्त्री नियुक्ति असंवैधानिक भएको उनले दावी गरेका छन्।

अदालतको फैसलासँगै दल विभाजनसम्बन्धी गैरकानुनी प्रक्रिया स्वतः खारेज भएको र सबै जनप्रतिनिधि तथा नेता-कार्यकर्ता कानुनी रूपमा जसपा नेपालकै मातहत रहेको विज्ञप्तिमा दाबी गरिएको छ।

अदालतको फैसला कार्यान्वयनका लागि आधिकारिक जानकारी गराउँदा गराउँदै लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले एमाले-कांग्रेस सत्ता गठबन्धनको आडमा राजनीतिक नैतिकता र लोकतान्त्रिक मूल्य-मान्यतालाई बेवास्ता गरेको जसपा नेपालले आरोप लगाएको छ।

लुम्बिनी प्रदेशमा सरकारले बहुमत पुऱ्याउन अहिरलाई साथ लिएको छ ।उनलाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयको जिम्मेवारी दिएको छ।

भण्डारी लाल अहिर लुम्बिनी प्रदेशमा जसपा नेपालको नाममा मन्त्री बनेपनि मुख्यमन्त्री चेतनारायण आचार्यले अथवा सत्तागठबन्धनले जसपा नेपालसित सहमति गरेको छैन्।

जसपा नेपालले नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी(नेकपा) सहितको सरकारमा सहभागि नहुने निर्णय गरेको छ । मधेश प्रदेशमा जसपा नेपाललाई तीन दलीय गठबन्धनले अलग राखेको छ।

## वीरगञ्जका मेयर सिंह निलम्बित, ७ जनाविरूद्ध भ्रष्टाचार मुद्दा

**अनिल तिवारी**

वीरगञ्ज । मधेश प्रदेशको एकमात्र वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह निलम्बनमा परेका छन् ।उनी सहित ७ जना बिरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सोमबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गरेको छ। भ्रष्टाचार मुद्दामा निलम्बनमा पर्ने उनी एकमात्र महानगरपालिकाका मेयर हुन्।

अर्काकी छोरीलाई आफ्नो छोरी दाबीगर्दै गलत विवरण पेस गरी नागरिकता दिलाएको आरोपमा वीरगञ्ज महानगरपालिकाको मेयरसहित ७ जनाविरूद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको छ ।मुद्दा दर्ता भएसँगै मेयर सिंह निलम्बनमा परेका छन्।

मेयर सिंहले एक महिलाकी छोरीलाई आफ्नी छोरीका रूपमा प्रस्तुत गरी जन्मदर्ता र त्यसका आधारमा नागरिकता प्रमाणपत्र दिलाउन भूमिका खेलेको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जनाएका छन्।

अनुसन्धानका क्रममा सिंहले वडा नम्बर ३ का तत्कालीन वडा सचिव भिखारी राय, तत्कालीन वडा सदस्य तथा कार्यवाहक वडा अध्यक्ष तफैल अतियार ठकुराई र जिल्ला प्रशासन कार्यालय पर्साका तत्कालीन प्रशासकीय अधिकृत षडकुमार पोखरेलसँग मिलेमतोमा गलत विवरण बनाएको देखिएको न्यौपानेले बताएका छन्।

गलत विवरणका आधारमा २०७१ कार्तिक २० गते जन्मदर्ता प्रमाणपत्र बनाएको पाइएको छ। सोही जन्मदर्ताका आधारमा २०७५ साउन १३ गते जिल्ला प्रशासन कार्यालय पर्साबाट नागरिकता जारी गरिएको अख्तियारको आरोप पत्रमा उल्लेख छ।

आयोगका अनुसार जन्मदर्ता तथा नागरिकता जारी गर्ने क्रममा सरकारी कागजातमा अनधिकृत रूपमा सच्याउने, थपघट गर्ने, लुकाउने तथा गलत अभिलेख तयार गर्ने कार्य भएको छ।

मेयर सिंहले किर्ते जालसाजी गरेको उजुरी जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, गृह मन्त्रालय, अख्तियार लगायतका निकायमा परेको थियो। तर राजनीतिक प्रभावको भरमा सिंह उपर कारवाहीमा ढिलाई भएको थियो । गृह मन्त्रालयले गठन गरेको छानबिन समितिका तत्कालीन संयोजक उपसचिव पुष्कर राना र सदस्य शाखा अधिकृत पशुराम पोखरेलले समेत घटनाको यथार्थ तथ्य लुकाइ गलत प्रतिवेदन पेस गरेको आरोप छ। उनीहरूले अनुसन्धानको आवश्यकता र कसुरको गम्भीरतालाई ढाकछोप गर्ने उद्देश्यले गलत प्रतिवेदन तयार पारेको अख्तियारको दाबी छ।

गृह मन्त्रालयले सिंह उपर लागेको आरोपको छानविन गर्न दुई सदस्यीय समिति गठन गरेको थियो ।तर ती समितिले सिंहलाई जोगाउन झुठा प्रतिवेदन सरकारलाई बुझाएको थियो।

त्यसैले अख्तियारले भिखारी राय, तफैल अतियार ठकुराई र षडकुमार पोखरेलविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कैद तथा जरिवानाको मागदाबी गरेको छ । त्यसैगरी पुष्कर राना र पशुराम पोखरेलविरुद्ध पनि सोही ऐनअनुसार सजाय माग गरिएको अख्तियारले जनाएको छ।

मेयर राजेशमान सिंह र रिता भट्टराईविरुद्ध भने मुख्य कसुरदारलाई सहयोग पुऱ्याई गैरकानुनी लाभ उपलब्ध गराएको आरोपमा भ्रष्टाचार निवारण ऐनको दफा २२ अनुसार मतियारको हैसियतमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ।

सिंहविरुद्धका अन्य भ्रष्टाचार तथा अनियमिततासम्बन्धी उजुरीमाथि पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान तीव्र बनाएको स्रोतले जनाएको छ।

यसैगरि सिंहविरुद्ध अख्तियारको हेटौंडा क्षेत्रीय कार्यालय तथा काठमाण्डुस्थित मुख्यालयमा एक दर्जनभन्दा बढी उजुरी विचाराधीन रहेको बताइन्छ । ती उजुरीहरूमा वीरगञ्ज महानगरपालिका-१६ छपकैयास्थित फोहोर तथा प्रदूषित पानी प्रशोधन केन्द्र परिसरमा नियम विपरीत माछा तथा बाख्रा पालन गरिएको विषय, ट्र्याक्टर खरिद प्रक्रियामा स्पेसिफिकेसन परिवर्तन गरी आर्थिक अनियमितता गरिएको आरोप, निर्वाचनअघि ठूलो संख्यामा कर्मचारी नियुक्ति तथा पछि गरिएको खारेजी, र स्थानीय कानुन तथा नियमावलीविपरीत मेयरको सचिवालयमा सल्लाहकारसहित कर्मचारी नियुक्त गरिएको विषय प्रमुख रहेका छन्।

उजुरीमा सार्वजनिक जग्गा दीर्घकालीन रूपमा व्यक्ति विशेषलाई प्रयोग गर्न दिइएको, महानगरका विभिन्न आम्दानीका स्रोतबाट उठ्नुपर्ने राजस्व संकलन नगरिएको, उपभोक्ता समितिमार्फत सञ्चालन गरिएका योजनामा अनियमितता भएको तथा महानगरको आर्थिक व्यवस्थापनमा गम्भीर कमजोरी देखिएको दाबीसमेत गरिएको छ।

किर्ते जालसाजी मुद्दामा मेयर सिंह गत हप्ता जिल्ला अदालत पर्साबाट धरौटीमा रिहा भएका थिए। उनलाई प्रहरीले पक्राउगरि अदालतमा बुझाएको थियो ।तर त्यस अघि उनी स्वयं अदालतमा हाजिर हुन गएको बखत एकजना कर्मचारीका सहयोगमा उनी परिसरबाट सुरक्षित रुपमा बाहिरिएका थिए।



मेयर निलम्बनमा परेसँगै उनका सल्लाहकार, स्वकिय सचिव लगायतका बिभिन्न पदमा नियुक्त भएकाहरुको जागिरपनि चट्ट भएको छ।

जनता समाजवादी पार्टी (जसपा)नेपालबाट मेयरमा निर्वाचित सिंहले निर्वाचन आयोगको सहयोगमा गैरकानुनी बिभाजन भएको बेला उनी जनता समाजवादी पार्टी(जसपा)मा प्रवेश गरेका थिए। तर कारवाहीको प्रक्रिया अगाडि बढ्दै जाँदा सुरक्षाका लागि नेकपा एमालेमा उनी छिरेका थिए । हालैसर्वोच्चअदालतले जसपा नेपालको विभाजनलाई अवैध साबित गरेपछि उनी स्वतःजसपा नेपालमा नै फिरेका थिए।

एक वर्ष भन्दा पनि कम कार्यकाल रहेको मेयर सिंह निलम्बनमा परेपछि महानगरपालिका कार्यबाहक मेयरबाट चल्ने भएको छ ।उपमेयरले महानगरको नेतृत्व गर्ने छन्।

## प्रदेशलाई स्वायत्त बनाउन जनमतको माग, प्रधानमन्त्रीलाई ज्ञापन

**टुडे समाचारदाता**

काठमाण्डु । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले प्रदेशलाई पूर्ण स्वायत्तता दिनुपर्ने माग गरेका छन्।' नेपाल सरकारले २०६४ फागुन १६ गते संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासंग गरेको ८ बुंदे सम्झौतामा उल्लेख भएको प्रदेशहरूलाई अधिकार सम्पन्न बनाउँदै पूर्ण स्वायत्त घोषणा गर्ने र तत् अनुसार राजनैतिक, प्रशासनिक र आर्थिक स्वायत्तता प्रदान गरिनुपर्ने सम्झौतालाई कार्यान्वयन गर्नुपर्छ' उनले भने, त्यस्तै स्थानीय निकाय प्रदेश मातहत राख्नु पर्ने छ।



काठमाण्डुको माइतीघरमा जनमत पार्टीले सोमबार आयोजना गरेको विरोध प्रदर्शनमा बोल्दै उनले भने, नेपालमा जुनसुकै शासन व्यवस्था आए पनि मधेशका मागप्रति अनुदार हुने गरेको छ । मधेशी बालेन्द्र साह(बालेन) प्रधानमन्त्री भएको प्रति लक्षित गर्दै उनले भने, मधेशकै बलमा सरकार बनाउने, तर अधिकार नदिने षड्यन्त्र हुँदै आएको छ।

मधेशबाट अत्यधिक मत लिएर सरकार बनाउने तर मधेशका अधिकारका सवालमा बेवास्ता गर्ने प्रवृत्ति निरन्तर रहेको उनले आरोप लगाए । राणा शासनकालमा मधेशमाथि उपनिवेशवादी शासन लादिएको दाबी गर्दै अध्यक्ष राउतले पछिल्ला ७५ वर्षमा कांग्रेस र कम्युनिस्ट दलहरूले पनि मधेशलाई विभिन्न रूपमा ठग्दै आएको आरोप लगाए।

सशस्त्र द्वन्द्वका क्रममा पनि मधेशी समुदाय अपेक्षित उपलब्धिबाट वञ्चित भएको दाबी गर्दै माओवादी नेतृत्वको आन्दोलनबाट समेत मधेशीहरू ठगिएको उनको कथन थियो । मधेशको राजनीतिक, सामाजिक र संवैधानिक अधिकार सुनिश्चित नभएसम्म विभेद अन्त्य नहुने राउतले दाबी गरे।

मधेशको माग सम्बोधनका लागि दबाब दिन प्रधानमन्त्रीलाई जिल्ला प्रशासन कार्यालय मार्फत सोमबार ज्ञापन पत्र जनमत पार्टीले बुझाएको छ।

सोज्ञापनपत्रमालालआयोगको प्रतिवेदन सार्वजनिकलगायत पुराना सम्झौता कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराएको छ।

मधेश, थरूहट तथा स्वराज आन्दोलनको क्रममा नेपाल सरकारसंग भएका २२ बुँदे, ८ बुँदे र ११ बुँदे सम्झौता अक्षरशः कार्यान्वयन गर्न, नेपाली सेनासहित सुरक्षानिकायहरूमा समावेशीता अपनाइनुपर्ने ज्ञापनपत्रमा उल्लेख छ। नेपाली सेनासहितका सुरक्षा निकायहरूमा मधेशी-थारू-मुस्लिमको सहभागिता समानुपातिक समावेशी बनाउन युवाहरूको समूहगत भर्ती तत्काल शुरू गर्न पनि जनमतले ध्यानाकर्षण गराएको छ।

संघीयतामा रहेको प्रचलन अनुरूप तथा नेपालको संविधानको अनुसूचीले दिएको अधिकार अनुरूप प्रहरीलाई पूर्णतः प्रदेश मातहत कायम गर्ने, तराई-मधेशको जनसंख्या ५४ प्रतिशत रहेकोमा सो अनुरूप प्रतिनिधित्व हुन नसकेकोले प्रतिनिधि सभाको निर्वाचन क्षेत्र जनसंख्याको आधारमा निर्धारण गर्ने र लुम्बिनी, सुदूरपश्चिम तथा प्रदेश नं. १ को सीमांकन त्यहाँको जनचाहना बमोजिम सच्चयाउनु पर्ने माग गरिएको छ।

माथिका अधिकारहरू नेपालको संविधानमा नै सुनिश्चित गर्न तथा नेपाललाई हामी सबैको साझा बहुराष्ट्रिय राज्यको रूपमा स्थापित गर्न संविधान संशोधनको पहल गर्ने ,मधेशीसंग हुने विभेद र हिंसा तत्कालै रोक्ने, निर्वाचन आयोग सहितका संवैधानिक आयोगहरूले मधेशप्रति गर्ने विभेद र षड्यन्त्र, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी तथा गृह मन्त्रालय तथा मातहतका जिल्ला प्रशासन कार्यालयहरूबाट मधेशीमाथि हुने गरेको दमन र शोषण तत्कालै रोक्नु पर्ने ज्ञापनपत्रमा माग गरिएको छ।

तराई-मधेशमा किसानहरूले भोग्दै आएको मलखादको अभाव, कृषि उपजको उचित मूल्य नपाउने, कृषि ऋण, अनुदान र सहुलियत उपलब्ध नहुने, बालीनाली क्षतिको मुआब्जा नपाउने सहितका समस्या समाधान गर्न अविलम्ब पहल गर्नु पर्ने र युवाहरूको चरम बेरोजगारीको समस्या समाधान गर्न उद्योग-धन्धा खोल्नुका साथै लाखौंलाई रोजगारी दिन सक्ने बृहत् रोजगारीमूलक कार्यक्रमहरू ल्याउन पहल गर्नु पर्ने माग ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

वैदेशिक रोजगारमा तथा अन्य कारणले विदेशमा रहेका नेपाली नागरिकहरूले मतदान गर्न पाउने सुनिश्चतता गर्नु पर्ने, वैदेशिक रोजगारमा रहेकाहरूले विदेशमा भोग्दै आएका समस्याहरूको समाधान गर्नुपर्ने, उनीहरूको राहत तथा उद्धारमा ध्यान दिनु पर्ने तथा स्वदेशमै रोजगारीको पहल गर्नुपर्ने सो ज्ञापनपत्रमा उल्लेख छ।

तराई-मधेशमा सञ्चालित सडक, भवन, पुल, नहर आदि निर्माणका कार्यहरूमा अनपेक्षित तथा अनावश्यक रूपमा ढिलाइ हुने र काम सम्पन्न नहुने प्रवृत्ति देखिएको हुँदा सो अन्त्य गरी विकास कार्यक्रमहरू प्रभावकारी तरिकाले सञ्चालन गर्न पहल गर्नुपर्ने र मधेशमा भइरहेको प्रतिरोध र आन्दोलनमा सहभागी आन्दोलनकारीहरूमाथि धरपकड र दमन नगरी संवादको वातावरण सिर्जना गर्नुपर्ने जनमतले बुझाएको सो ज्ञापन पत्रमा उल्लेख गरिएको छ।



# निजामती अस्पतालको सेवा भरतपुर अस्पतालबाट




चितवन। निजामती अस्पताल काठमाडौँबाट प्रदान गरिँदै आएको सहुलियत उपचार सेवा भरतपुर अस्पतालले दिने भएको छ।

भरतपुर अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा विश्वबन्धु बगालेले निजामती अस्पतालले सहुलियत परिचयपत्र दिएका कर्मचारी र निवृत्त कर्मचारीले उक्त सहुलियत सुविधा पाउने जानकारी दिनुभयो।

उनीहरुले श्रीमान्, श्रीमती, बुबा, आमा र छोराछोरीको फोटो टाँसेर बनाएको परिचयपत्र देखाएर सेवा लिन सक्ने व्यवस्था मिलाइएको छ। राजपत्र अनङ्कित कर्मचारी र निवृत्त कर्मचारीले ५० प्रतिशत र राजपत्राङ्कित कर्मचारीले तोकेका सेवामा ४० प्रतिशत छुट पाउने व्यवस्था भए पनि फार्मेशी, टिकट लगायतमा भने छुटको व्यवस्था छैन।

सहुलियत पूर्ण स्वास्थ्य उपचारका लागि काठमाडौँकै निजामती कर्मचारी अस्पताल (सिभिल) अस्पताल धाउनुपर्ने बाध्यता कर्मचारी र उनीहरुका परिवारका लागि भने अन्त्य भएको छ। चितवन र छिमेकी जिल्लाका कर्मचारी यसबाट प्रत्यक्ष लाभान्वित हुने भएका छन्। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अस्पतालमा लागू हुने गरी विभिन्न प्रदेश अस्पतालबाट कर्मचारीलाई स्वास्थ्य सेवा उपलब्ध गराउन लागेको हो।

सरकारले बागमती प्रदेशका लागि भरतपुर अस्पताल र मधेस प्रदेशका लागि वीरगञ्जस्थित नारायणी अस्पतालसँग सम्झौता गरेको हो।रासस

# संघ सरकारबाट प्रदेशलाई जाने अनुदान कर्णाली र मधेसलाई सबैभन्दा बढी



काठमाण्डु। आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घ सरकारबाट प्रदेशलाई जाने अनुदानतर्फ कर्णाली र मधेस प्रदेशलाई सबैभन्दा बढी रकम छुट्याइएको छ। विकास सूचकाङ्कमा पछाडि रहेका यी दुई प्रदेशले सङ्घीय अनुदान बढी पाएका हुन्।

अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह) २०८३/८४ अनुसार आगामी आर्थिक वर्षका लागि रु चार खर्ब २४ अर्ब २७ करोड ७४ लाख विनियोजन भएको छ। जसमध्ये स्थानीय तहलाई रु तीन खर्ब १४ अर्ब ६३ करोड ३९ लाख र स्थानीय तहलाई रु एक खर्ब नौ अर्ब ६५ करोड ३५ लाख बराबर हो। सङ्घ सरकारले प्रदेश र स्थानीय तहलाई समानीकरण, ससर्त, विशेष र समपूरक शीर्षकमा यो अनुदान दिएको हो। प्रदेशका लागि विनियोजन भएको अनुदान रकममा सबैभन्दा बढी मधेस प्रदेशलाई रु १७ अर्ब ५९ करोड ८७ लाख विनियोजन भएको छ। कर्णाली प्रदेशका लागि रु १७ अर्ब २० करोड ८२ लाख विनियोजन भएको छ।

कोशी प्रदेशका लागि रु १६ अर्ब ४७ करोड १० लाख, बागमतीका लागि रु १५ अर्ब २१ करोड ४८ लाख, गण्डकीका लागि रु १२ अर्ब ७२ करोड ८५ लाख, लुम्बिनीका लागि रु १४ अर्ब ४१ करोड ७६ लाख र सुदूरपश्चिमका लागि रु १६ अर्ब एक करोड ४७ लाख विनियोजन भएको छ।

आगामी आर्थिक वर्षका लागि सङ्घीय सरकारबाट प्रदेश र स्थानीय तहलाई जाने अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकममध्ये समानीकरण अनुदान रु ६१ अर्ब ५० करोड ३२ लाख र सशर्त अनुदान रु ३९ अर्ब ७२ करोड ७४ लाख रहेको छ। विशेष अनुदानतर्फ रु तीन अर्ब ८२ करोड ११ लाख र समपूरक अनुदातर्फ रु चार अर्ब ६० करोड १८ लाख विनियोजन भएको छ। रासस

# सचिवको जिम्मेवारी हेरफेर



काठमाण्डु। सरकारले विभिन्न १८ मन्त्रालयको संख्या कायम गरेसँगै सचिवहरुको जिम्मेवारी हेरफेर र सरुवा गरेको छ।

सरकारले स्वीकृत गरेको नेपाल सरकार कार्यविभाजन नियमावली, २०८३ ले साविकको २२ मन्त्रालयबाट १८ कायम भएअनुसार सचिवहरुको दरबन्दी मिलान गरिएको हो।

दुई वटा सचिवको दरबन्दी भएका मन्त्रालयमा दरबन्दी घटाइ एक मात्र कायम गर्ने गरी कूल २३ जना सचिवको पदस्थापन र जिम्मेवारी हेरफेर गरिएको छ।

छ सचिवको विभिन्न निकायमा कार्यभार तोकी सरुवा गरिएको छ। नयाँ जिम्मेवारीअनुसार सचिव भुपाल बराललाई गण्डकी प्रदेश, चन्द्रकला पौडेललाई उपराष्ट्रपति कार्यालय, प्रमिलादेवी बज्राचार्यलाई विज्ञान, प्रविधि र नवप्रवर्तन मन्त्रालय, दिनानाथ मिश्रलाई राष्ट्रिय सतर्कता केन्द्र, चीरञ्जिवी चटौतलाई नेपाल ट्रष्टको कार्यालय र सरजुकुमार वैद्यलाई जल तथा ऊर्जा आयोगको सचिवालयमा सरुवा गरिएको छ।

यसअघि अर्थ, ऊर्जा, जलस्रोत तथा सिँचाइ, उद्योग वाणिज्य तथा आपूर्ति, कृषि तथा पछुपन्छी विकास, स्वास्थ्य तथा जनसङ्ख्या, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा दुई/दुई जना सचिव रहेका थिए।

छ जना सचिवलाई अतिरिक्त समूहमा राखिएको छ। अतिरिक्त समूहमा लोकनाथ पौडेल (साविकको युवा तथा खेलकुद मन्त्रालय), कृष्णहरि पुष्कर (उपराष्ट्रपति कार्यालय), हरिप्रसाद मैनाली (सार्वजनिक खरिद अनुगमन कार्यालय), डा गोविन्दप्रसाद शर्मा (साविकको वन तथा वातावरण मन्त्रालय), डिल्लीराम शर्मा (साविक स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय) र डण्डुराज घिमिरे (हाल निलम्वन) हुनुहुन्छ।

सचिव डा गोविन्दप्रसाद शर्मालाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको समन्वय गर्ने विशेष जिम्मेवारीसहित अतिरिक्तमा ल्याइएको हो। अतिरिक्त समूहका अर्को एक जना सचिवलाई सूचना प्रविधि (आइटी) को समन्वय हेर्ने गरी नयाँ जिम्मेवारी दिने तयारी भइरहेको प्रधानमन्त्री कार्यालयले जनाएको छ। रासस

## विश्व 'ब्रेन ट्यूमर' दिवसः

# नेपालमा बिरामी बढ्दै



काठमाण्डु। नेपालमा पछिल्ला वर्षहरुमा ब्रेन ट्युमरको बिरामीको सङ्ख्या बढ्दै गएको छ। विश्व ब्रेन ट्युमर दिवसको अवसरमा आज सार्वजनिक गरिएको तथ्याङ्कअनुसार अघिल्लो वर्षको तुलनामा यस वर्ष ब्रेन ट्युमरका बिरामीको सङ्ख्या बढेको हो।

नेपालभरका २० भन्दा बढी न्यूरो केन्द्रबाट भएको अध्ययन आधारमा उक्त तथ्याङ्क सार्वजनिक गरिएको राष्ट्रिय ब्रेन ट्युमर केन्द्रका संस्थापक अध्यक्ष डा राजीव झाले जानकारी दिनुभयो। उहाँका अनुसार २०८२ सालमा तीन हजार जना ब्रेन टयुमटरमा बिरामीको शल्यक्रिया गरिएको छ। विसं २०८१ मा यो सङ्ख्या दुई हजार ६०० थियो।

शल्यक्रिया गरिएका ब्रेन ट्युमरका बिरामीमध्ये पुरुष बढी रहेका तथ्याङ्कमा उल्लेख छ। पुरुष एक हजार ५०२ जनाको र महिला एक हजार ४९८ जना रहेका छन्। उहाँले सबभन्दा बढी बिरामी ३० देखि ५० वर्ष उमेर समूहका रहेका छन्। तथ्याङ्कअनुसार सबभन्दा बढी बागमती प्रदेशमा ३६.४ प्रतिशत बिरामीको शल्यक्रिया गरिएको छ।

वरिष्ठ न्यूरोसर्जन डा झाले नेपालमा ब्रेन ट्युमरका बिरामीको सङ्ख्या बर्सेनि बढिरहेको भन्दै प्रारम्भिक अवस्थामा नै उपचार भएमा धेरै बिरामीको जीवन बचाउन सकिने बताउनुभयो।

उहाँले स्टेज १ र २ का ब्रेन ट्युमरको शल्यक्रियामार्फत उपचार गर्न सकिन्छ भने स्टेशन ३ र ४ का बिरामीलाई शल्यक्रियाका साथै विभिन्न थेरापीबाट उपचार गरिने बताउनुभयो। नेपालमा ग्लियोमा (एकप्रकारको ट्युमर) का बिरामी सबभन्दा बढी रहेका छन्। २०८२ मा उच्च ग्रेड ग्लियोमाको अनुपात ४३.१ प्रतिशतबाट बढेर ५५.९ प्रतिशत पुगेको छ। यस्तै मेनिन्जियोमा (एकप्रकारको ट्युमर)को बिरामी ७.४ प्रतिशतबाट २०८२ मा २७.१ प्रतिशत पुगेका छन्।

निरन्तर टाउको दुख्नु, बिहानै उठ्न बित्तिकै वान्ता हुनु, कान नसुन्नु, छारे रोग हुनु, शरीरमा प्यारालाइसिस देखिनुजस्ता लक्षण ब्रेन ट्युमरका हुन्। वीर अस्पतालले दुई वर्षदेखि निःशुल्क ब्रेन ट्युमर शल्यक्रिया गर्दैआएकामा यो सेवा आगामी जुन महिनासम्म उपलब्ध हुने डा झाले बताउनुभयो। 'प्रारम्भिक पहिचानको जनचेतना अभिवृद्धि र निदान अन्तरालको न्यूनीकरण' भन्ने नाराका साथ यो दिवस मनाइँदै छ। रासस

# महेन्द्र राजमार्गको अतिक्रमित जमिन खाली गर्न आग्रह



महेन्द्रनगर। यहाँस्थित स्वीकृति विना अस्थायी/स्थायी घरटहरा निर्माण गर्नेलाई सार्वजनिक जग्गा खाली गर्न आग्रह गरिएको छ।

कञ्चनपुरको गड्डाचौकीदेखि कैलालीको चिसापानीसम्म पूर्व-पश्चिम महेन्द्र राजमार्गको अतिक्रमित करिब ८० प्रतिशत जमिन तत्काल खाली गर्न सडक विभागले आग्रह गरेको हो।

सडक सीमा अतिक्रम गरी निर्माण भएका संरचना नहटाए सार्वजनिक सडक ऐन २०३१ को दफा १९ को उपदफा (३) बमोजिम हटाइने र सो कार्यबापत लाग्ने खर्च सम्बन्धित व्यक्ति वा संस्थाबाट असुल उपर गर्ने व्यवस्था छ।

सडक डिभिजन कार्यालय महेन्द्रनगरले पन्ध्र दिने सूचना जारी गरी सडक सीमा सडक केन्द्रबाट २५/२५ मिटर दायाँबायाँ कायम रहेको जनाउँदै सार्वजनिक जमिन खाली गर्न आग्रह गर्दै आएको सडक डिभिजन कार्यालय महेन्द्रनगरका प्रमुख राजेशकुमार यादवले जानकारी दिनुभयो। रासस

# डा सिवाकोटी एन्फ्रेलको अध्यक्षमा निर्वाचित



काठमाण्डु। राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) का अध्यक्ष डा गोपालकृष्ण सिवाकोटी एसियन नेटवर्क फर फ्रि इलेक्सन्स (एन्फ्रेल) को अध्यक्षमा निर्वाचित हुनुभएको छ।

थाइल्याण्डको राजधानी बैंककमा यही जेठ २३ गते सम्पन्न एन्फ्रेलको महासभाले प्रतिस्पर्धात्मक निर्वाचनमार्फत डा सिवाकोटीलाई उक्त पदमा निर्वाचित हुनुभएको नियोगका महासचिव तेजबहादुर सुनारले जानकारी दिनुभयो।

एन्फ्रेल एसिया क्षेत्रभर लोकतन्त्र, निर्वाचनको विश्वसनीयता, नागरिक सहभागिता तथा सुशासनको प्रवर्द्धनमा क्रियाशील अग्रणी क्षेत्रीय सञ्जाल हो।

अध्यक्ष डा सिवाकोटीले आफ्नो नेतृत्वमा नेपाल तथा एसिया क्षेत्रमा सम्पन्न हुने निर्वाचनहरूको अनुगमन, पर्यवेक्षण, लोकतान्त्रिक अभ्यास, मानवअधिकार, समावेशी प्रतिनिधित्व र सुसूचित नागरिक सहभागिताको प्रवर्द्धन थप उचाइमा पुऱ्याउने गरी काम गर्ने विश्वास गरिएको छ। रासस

# नमूना युवा संसदीय अभ्यासले लोकतान्त्रिक संस्कार विकासमा टेवा पुग्छः सभामुख यादव



महेन्द्रनगर। मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवले युवापुस्तालाई संसदीय प्रणाली, लोकतान्त्रिक मूल्य-मान्यता तथा नीतिनिर्माण प्रक्रियाबारे व्यावहारिक ज्ञान दिन नमूना युवा संसदीय अभ्यास कार्यक्रम प्रभावकारी माध्यम बनेको बताउनुभएको छ।

मधेस प्रदेशसभा सचिवालयद्वारा सोमबार जनकपुरधाममा आयोजित 'नमूना युवा संसदीय अभ्यास कार्यक्रम-२०८३' मा उहाँले लोकतन्त्रको सुदृढीकरणका लागि युवाको सक्रिय सहभागिता आवश्यक पर्दछ भन्नुभयो। उहाँले भन्नुभयो, "संसदीय अभ्यासमार्फत युवाहरूमा नेतृत्व विकास, तार्किक बहस, निर्णय क्षमता तथा जिम्मेवारीबोधको विकास हुनेछ।" सभामुख यादवले लोकतान्त्रिक शासन प्रणालीलाई प्रभावकारी बनाउन युवा पुस्ताले संविधान, कानुन तथा संसदीय प्रक्रियाको गहिरो अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले यस्ता अभ्यासले युवालाई भविष्यमा सक्षम जनप्रतिनिधि, नीतिनिर्माता तथा जिम्मेवार नागरिक बन्न प्रेरित गर्ने बताउनुभयो।

सो अवसरमा प्रदेशसभा सदस्य उपेन्द्र महतोले लोकतान्त्रिक व्यवस्थाको सफल कार्यान्वयनका लागि युवाको सहभागिता अपरिहार्य रहेको धारणा राख्नुभयो।

कार्यक्रममा विभिन्न विद्यालय, क्याम्पस तथा शैक्षिक संस्थाबाट सहभागी भएका युवाले प्रदेशसभाको बैठक सञ्चालन, प्रश्नोत्तर, प्रस्ताव प्रस्तुति तथा छलफलजस्ता संसदीय गतिविधिको अभ्यास गर्नेछ। रासस

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वडा नं. ४, शान्तिनगरमा अवस्थित घरभित्र Parking गरिराखेको अवस्थाबाटमिति २०८३/०१/२४ गते करिब राति १२:०० बजे म.प्र. ०२०१० प ८२९ नम्बरको कालो रंगको ईन्जिन नं. CE7FS2800011 चेचिस नम्बर MD637AE79S2F00035 को टिभीएस कम्पनीको Apache 160 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

नामः विरेन्द्र कुमार झा
ठेगानाः जनकपुरधाम उ.म.न.पा.-४
मो. नं. ९७०८५६१९२६

**विमालेख हरायो**

मेरो निम्न ब्यहोरा भएको सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.कम्पनीको विमालेख मिति २०८३/०१/०५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

नाम : उदय कुमार सहनी
विमालेख नं.:२०३०००२४४३
ठेगानाःहंसपुर न.पा.-२, धनुषा
मो.नं. ९८१९८३७७९१

**विमालेख हरायो**

मेरो निम्न ब्यहोरा भएको सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.कम्पनीको विमालेख मिति २०८३/०१/०५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

नाम : नुरजहाँन खातुन
विमालेख नं.:२०३०००१०८८
ठेगानाःबलवा न.पा.-१०, महोत्तरी
मो.नं. ९८१७८०३९०६

**विमालेख हरायो**

मेरो निम्न ब्यहोरा भएको सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.कम्पनीको विमालेख मिति २०८३/०१/०५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

नाम : दिलिपदास तत्मा (बिमित)
पविता देवी दास (बिमित)
विमालेख नं.: २०३००००८०८
ठेगानाः हंसपुर न.पा.-५, धनुषा
मो.नं. ९८००८९२०२५

**विमालेख हरायो**

मेरो निम्न ब्यहोरा भएको सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.कम्पनीको विमालेख मिति २०८३/०१/०५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

नाम : मो.सुफियान खाँ(बिमित)
प्रस्तावकः सबिना खातुन
विमालेख नं.: २०३०००१०८४
ठेगानाः मिथिलाबिहारी नपा-१, धनुषा
मो.नं. ९८४४३२१३२८

**विमालेख हरायो**

मेरो निम्न ब्यहोरा भएको सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.कम्पनीको विमालेख मिति २०८३/०१/०५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

नाम : आफरीन साना (बिमित)
प्रस्तावकः नुरजहाँन खातुन
विमालेख नं.: २०३०००१०८९
ठेगानाःबलवा न.पा.-१०, महोत्तरी
मो.नं. ९८१७८०३९०६

**माइग्रेशन हरायो**

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टु)को माइग्रेशन मिति २०८३/०१/१० गते आँखा अस्पतालदेखि रा.रा.ब. क्याम्पस जाने क्रममा हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

नाम : ज्योती कुमारी साह
सिम्बोल नं.: ३०१३१८
रजिष्ट्रेशन नं.: HA-००८९१-१५
ठेगानाःजि.म. लोहारपट्टी न.पा.-७ भ्रमरपुरा
मो.नं. ९८२६८६६७००

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : सफलता सुनिश्चित हुनेछ। लगानी लाभदायक बन्नेछ।
वृष : पुराना आकांक्षा पुरा हुने समय आएको छ। मिहिनेतको कदर हुनेछ।
मिथुन : सकारात्मक सोच र पहलले अपेक्षित सफलता दिनेछ।
कर्कट : अवरोध देखिए पनि धैर्यपूर्वक अघि बढ्दा उपलब्धि हासिल गर्न सकिनेछ।
सिंह : पारिवारिक सहयोग र सहकार्य प्राप्त हुनेछ। यात्राको योजना बन्न सक्छ।
कन्या : परिक्षा तथा प्रतिस्पर्धामा सफलता प्राप्त हुने संकेत छ।
तुला : आकांक्षा सन्तुलित राख्दा लाभ हुनेछ। आत्मविश्वासमा वृद्धि हुनेछ।
वृश्चिक : आर्थिक योजना र पारिवारिक सहकार्यमा ध्यान दिनु उपयुक्त हुनेछ।
धनु : सहकार्य र धैर्यले समस्या समाधान हुनेछ।
मकर : नयाँ काम थाल्न उपयुक्त समय हो।
कुम्भः काम र परिवारबीच सन्तुलन कायम गर्न सकिनेछ।
मीनः व्यावसायिक सम्बन्धमा सावधानी अपनाउनु बुद्धिमानी हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्श लागी
9812005378

# महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# विद्युत् महसुल बक्यौता तत्काल उठाउन ऊर्जामन्त्रीको निर्देशन

प्राधिकरण सञ्चालक समिति र प्राधिकरणका उपकार्यकारी निर्देशकहरुको छु ाछु ै बैठकमा महसुल बक्यौता लामो समयदेखि अल्झिरहेको र रकम ठूलो रहेको हुँदा यसलाई छिटो फर्स्यौट गर्नुपर्ने मन्त्री श्रेष्ठको सुझाव छ ।

काठमाण्डु । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले नेपाल विद्युत् प्राधिकरणलाई विद्युत् महसुल बक्यौतावापतको रु ५० अर्ब एक करोड उठाउन निर्देशन दिएको छ ।

नियमित रुपमा उठ्नुपर्ने महसुल नउठेको, पुरानो बक्यौतासमेत कायम रहेको तथा डेडिकेटेड र ट्रङ्क लाइनको महसुल उठाउनसमेत समस्या देखिएपछि मन्त्रालयले आवश्यक पहल थालेको छ । महालेखा परीक्षकको ६३औँ वार्षिक प्रतिवेदनमा विद्युत् महसुल बक्यौता ठूलो मात्रामा रहेको उल्लेख छ । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले विद्युत् महसुल बक्यौता असुली प्रक्रियालाई प्राधिकरणले प्राथमिकताका साथ आफ्नो दैनिक कार्यसूचीमा राखेर अगाडि बढाउन निर्देशन दिनुभएको छ । मन्त्री श्रेष्ठ प्राधिकरण सञ्चालक समितिको अध्यक्षसमेत हुनुहुन्छ ।



प्राधिकरण सञ्चालक समिति र प्राधिकरणका उपकार्यकारी निर्देशकहरुको छुट्टाछुट्टै बैठकमा महसुल बक्यौता लामो समयदेखि अल्झिरहेको र रकम ठूलो रहेको हुँदा यसलाई छिटो फर्स्यौट गर्नुपर्ने मन्त्री श्रेष्ठको सुझाव छ । "सञ्चालक समितिले प्रशासकीय पुनरावलोकन समितिले गठन गरिसकेको छ । अब विद्युत् महसुल, जरिवानालगायतका विवाद समितिमार्फत पुनरावलोकन गर्न सकिन्छ । अन्य विषयमा प्राधिकरणको व्यवस्थापन नियमित तरिकाबाट अगाडि बढ्नुहोस्", मन्त्री श्रेष्ठले भन्नुभयो ।

बक्यौता असुलीका लागि मन्त्रीबाट के निर्देशन आउँछ भनेर पर्खिएर बस्नुनपर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "विगतमा धेरै अध्ययन, छानबिन र निर्णय भइसकेका छन् । यसमा थप निर्णयको आवश्यकता छैन । ऐन, नियममा के छ, प्रक्रिया के हो त्यहीअनुसार गर्नुहोस ।"

मन्त्री श्रेष्ठले कसैलाई काखा कसैलाई पाखा नगरी प्राधिकरणको उच्च व्यवस्थापनले बक्यौता असुलीमा मन्त्रालयको निर्देशन कुर्नुभन्दा आफ्नो संयन्त्र परिचालन गर्नेतर्फ ध्यान दिनुपर्ने उल्लेख गर्नुभयो । डेडिकेटेड फिडर र ट्रंक लाइनका साथै इन्टरनेट सेवा प्रदायक, औद्योगिक क्षेत्र, सडक बत्तीलगायतका सबै क्षेत्रको बक्यौता असुली गर्नुपर्ने मन्त्री श्रेष्ठको भनाइ छ । उहाँले कानुनी प्रक्रियामा रहेको बाहेकको क्षेत्रमा बक्यौता असुली गर्न प्राधिकरण अल्मलिने नहुने बताउनुभयो । रासस

# कला र साहित्य साधनाका लागि काठमाडौं उर्वर भूमि : अभिनेता मिश्रा



काठमाण्डु । मित्रराष्ट्र भारतका स्थापित कलाकार पियुष मिश्राले गीत, सङ्गीत र साहित्य साधनाका दृष्टिले नेपाल उर्वर भूमि रहेको बताउनुभएको छ ।

भारतको ग्वालियरमा जन्म भई गीत, सङ्गीत, चलचित्र तथा साहित्यिक क्षेत्रमा विशेष योगदान पुऱ्याउनुभएका ६३ वर्षीय मिश्राले नेपालको हावा, पानी, भूगोल र संस्कृति कला, चलचित्र र साहित्य सिर्जनाका लागि अनुकूल रहेको बताउनुभयो ।

काठमाडौँ कलिङ साहित्य महोत्सव (केएलएफ) को चौथो संस्करणमा सहभागी हुन नेपाल आउनुभएका बहुआयामिक प्रतिभाका धनी मिश्राले ऐतिहासक एवं सांस्कृतिक महत्व बोकेको काठमाडौँ उपत्यका कला र साहित्य सिर्जनाका लागि अनुपम स्थान रहेको धारणा व्यक्त गर्नुभयो ।

आफ्नो क्षेत्रमा समपर्ण भावका साथ क्रियाशील भई छुट्टै पहिचान बनाउन सफल मिश्राले भन्नुभयो, "कला, साहित्य र रङ्गमञ्चका क्षेत्रमा ठूलो साधना गरेर स्थापित हुन सफल भएको हुँ, यसमा मेरो भाग्य र भगवान्ले दिएको उपहारको अंश पनि होला । सङ्घर्षले दिने सफलता गौरवपूर्ण र दिगो हुन्छ । आफ्नो पेसाप्रति गौरव गर्दछु ।"

नेसनल स्कुल अफ ड्रामा (एनएसडी) बाट अभिनयसम्बन्धी शिक्षा लिनुभएका मिश्राले भन्नुभयो, "हिजो-आज अभिनयको कामलाई थाती राखेर आफ्नो साङ्गीतिक समूहसँग मिलेर स्वदेश तथा विदेशका विभिन्न सहरमा पुग्छु । यसै क्रममा काठमाडौँ आएको हुँ । आफू संलग्न कार्यक्रम भव्यताका साथ सम्पन्न भएको सुनाउन पाउँदा खुसी छु ।"

"तपाइँ केही बन्न चाहनुहुन्छ भने पहिला आमाको हातबाट बन्ने खाना छाड्नुस्, आफ्नो सहजता त्याग्नोस् र उद्देश्य प्राप्तिका लागि हिँड्नुहोस्, असम्भव केही छैन । तपाईं एउटा मात्र काम गर्न सक्षम हुनुहुन्छ भन्ने म मान्दिन, हामीले गर्न नसक्ने केही छैन तर अल्छी बन्नु हुन्न", उहाँले स्पष्ट गर्नुभयो ।

"मैले सुनेको छु, काठमाडौँ कलाका लागि राम्रो ठाउँ हो, यहाँ धेरै साङ्गीतिक कार्यक्रम हुने गरेका छन् । मलाई बोलाइएमा आफ्नो समूहसँग यहाँ आएर गीत सुनाउने छु, किनकि पछिल्लो समय म यसमै रमाइरहेको छु, यो मेरो मनले चाहेको काम हो", अभिनेता मिश्राले भन्नुभयो ।

उहाँले आफ्नो क्षमतालाई कुनै एउटा क्षेत्रमा मात्र सीमित नगर्न युवाहरूलाई सुझाव दिँदै आफ्नो सक्षमतालाई बुझ्न आग्रह गर्नुभयो । यही जेठ २४ गते 'केएलएफ' महोत्सवमा सहभागी हुने क्रममा अभिनेता मिश्रा नेपाल आउनुभएको हो । रासस

# हरित कर र लगानी बढाउन आग्रह




काठमाण्डु । राजनीतिकर्मी, विज्ञ र सामाजिक क्षेत्रका प्रतिनिधिले जलवायु सङ्कटको चुनौतीको सामना र मुलुकको समृद्धिका लागि हरितकर लगानी विस्तारमा जोड दिएका छन् ।

सहारा नेपालद्वारा आज आयोजित जलवायु परिवर्तनसम्बन्धी 'क्याइमाक्लेभ १.० : शेयर द स्कोप, रेज द होप' विषयक कार्यक्रममा विभिन्न वक्ताले जलवायु वित्त, लगानी, कार्बन बजार, हरित लगानी, समुदायमा आधारित जलवायु समाधान, दीगो विकास र नवप्रवर्तनलाई बहुपक्षीय सहकार्य गर्नुपर्नेमा जोड दिएका हुन् ।

प्रतिनिधिसभा सदस्य सुशील खड्काले आर्थिक वर्ष २०८३।०८४ को बजेटले ' बिग डिपार्चर' गरेको र अबको पाँचदेखि सात वर्षमा वार्षिक सात प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिइएको बताउनुभयो ।

पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले जलवायु सङ्कट समाधानका नीतिगत र कानूनीका पक्षमा सहकार्यको दायरा बढाउन आग्रह गर्नुभयो ।

नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले अन्तरराष्ट्रिय जलवायु कोषको लगानीलाई नेपालमा बढाउनुपर्ने माग गर्नुभयो ।

ऊर्जा विज्ञ डा रामप्रसाद धितालले स्वच्छ एवं वैकल्पिक ऊर्जामा लगानी र प्रयोग बढाउनुपर्नेमा जोड दिनुभयो । सहारा नेपालका महासचिव महेन्द्र गिरी र निर्देशक युवराज शिवाकोटीले जलवायु परिवर्तनको चुनौतीको सामनाका लागि सरकार, निजी क्षेत्र, विकास साझेदार र समुदायसमेतको बहुपक्षीय सहकार्य हुनुपर्नेमा जोड दिनुभएको थियो । रासस

# हुम्ला र बाजुरा सीमा विवादको दीर्घकालीन समाधान गर्न निर्देशन

काठमाण्डु । राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले हुम्ला र बाजुराको सीमा विवादका कारण उब्जिएको समस्या समाधानमा दीर्घकालीन उपाय निकाल्न गृह मन्त्रालयलाई निर्देशन दिएको छ ।

समितिको सोमबार बसेको बैठकमा सभापति जयन्तीदेवी राईले सीमा विवादको दीर्घकालीन समाधान गर्न स्थानीय जनता, प्रशासन र सम्बन्धित निकायबीच बृहत छलफल गरेर दीर्घकालीन समाधान निकाल्न निर्देशन दिनुभएको हो ।

छलफलमा गृह सचिव राजकुमार श्रेष्ठले हुम्ला र बाजुराको सिमानामा पर्ने लाम्पाटा च्याचौर क्षेत्र (रानीसैन) मा चर्किएको सीमा विवाद अहिले सामान्य अवस्थामा आएको जानकारी दिनुभयो । साथै, बैठकमा उपस्थित प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले समितिलाई त्यहाँको सुरक्षा अवस्थाबारे जानकारी दिनुभयो ।



महानिरिक्षक कार्कीले प्रहरीसँग प्रयाप्त स्रोतसाधानको अभाव भएकाले अस्थायी संयुक्त सुरक्षा वेस बनाउन गृहकार्य भइरहेको बताउनुभयो ।


उहाँले घटनामा संलग्न दोषीलाई कारबाही गर्ने प्रक्रिया तीव्र रुपमा अगाडि बढेको बताउनुभयो । सशस्त्र प्रहरी बल महानिरिक्षक नारायणदत्त पौडेलले भौगोलिक रुपमा हुम्ला र बाजुराको सिमानामा पर्ने उक्त थलो निकै दुर्गम भएको बताउनुभयो ।

बैठकमा सांसद्, नारायणदत्त मिश्र, रोशनी मेचे, श्रीकृष्णप्रसाद अधिकारी, सोनाम गेल्जेन शेर्पा, किरणबाबु श्रेष्ठ, धर्मेन्द्र पासवानले सीमा विवादका कारण उब्जिएको विवादलाई छिटो र दीर्घकालीन रुपमा समाधान गर्न सुझाव दिनुभएको थियो ।

जेठ ३ गते बाजुराको हिमाली गाँउपालिका-३ लाम्पाटा क्षेत्रमा अस्थायी प्रहरी चौकी बनाउने विषयलाई लिएर हुम्लाको खार्पुनाथ गाउँपालिका-२ थालीका स्थानीयबीच विवाद सुरु भएको थियो । विवादमा कुटपिट र झडप हुँदा स्थानीय घाइतेसमेत भएका थिए । रासस

# श्रमदान गरी काठे पुल निर्माण

सिमकोट।हुम्लाकोदक्षिणभेगमा रहेको चङ्खेली गाउँपालिका-५ नेप्का गाउँ नजिकैको मुस्याँडा खोलाको नदिमा स्थानीयले आफ्नै श्रमदानमा काठे पुल निर्माण गरेका छन् । सम्बन्धित निकायलाई पटकपटक मुस्याँडामा रहेको नदीमा वारपार गर्नका लागि झोलुङ्गे पुल निर्माणका लागि अनुरोध गरे पनि स्थानीय जनप्रतिनिधिले चासो नदेखाएपछि स्थानीयले आफ्नै पहलमा श्रमदान गरी उक्त काठे पुल निर्माण गरेका हुन् ।



नेप्कागाउँबाट करिब दुई घण्टाको दूरीमा पर्ने मुस्याँडा खोलामा रहेको काठे पुल निर्माण सम्पन्न भएको छ । सरोकार भएका निकाय, स्थानीय तहलगायतले पुल निर्माणमा चासो नदेखाएपछि नेप्कागाउँबासीले तीन श्रमदान गरी काठेपुल बनाएका स्थानीय जसबहादुर तामाङले बताउनुभयो । उहाँका अनुसार उक्त नदीमा पुल नहुँदा चीनको सिमाना टाँकेनाका पुग्नलाई समस्या हुने गरेको थियो ।

"टाँकेनाका नेपाल र चीनको व्यापारिक नाका हो । उक्त नाकाबाट चीनमा पुग्न र चङ्खेलीगाउँपालिकाकाबासिन्दालाई केही सामग्री ल्याउनसमेत सहज हुने गरेको थियो", स्थानीय तामाङले भन्नुभयो । पटकपटक गाउँपालिकालाई यस क्षेत्रमा झोलुङ्गे पुल निर्माणको पहल गरिदिन आग्रह गरेपनि सुनुवाइ नभएपछि गाउँलेले श्रमदानमार्फत काठको पुल बनाएका उहाँको भनाइ छ ।

गाउँलेले घाँसदाउरा ओसार्ने, पशुचौपाय चरिचरन गर्ने वनजङ्गल पुल पारि पर्ने भएकाले पुल नहुँदा स्थानीयले समस्या भोग्दै आएका थिए । स्थानीयले फलामे र पक्की पुलको सपना वर्षौंदेखि देखे पनि सरोकार भएका निकायबाट पहल नहुँदा कागजमा सीमित बनेको स्थानीय तामाङले गुनासो गर्नुभयो । उहाँका अनुसार तीनदिन लगाएर निर्मित काठे पुलबाट शनिबारदेखि आवतजावत गर्न थालिएको छ ।

"यसअघि यहाँ पुल नहुँदा उक्त खोलामा ज्यान जोखिम मोल्दै वारपार गर्नुपर्ने बाध्यता थियो । पुल निर्माणमा जुटेका नागरिकले कसैले काँधमा काठ बोकेका छन् भने कसैले डोरी तानेर आफ्नो श्रमदान गरेका छन् । विकासको आशामा धेरै वर्ष बिते, धेरै वाचा सुनिए, तर पुलका लागि बजेट सुनिश्चित हुन सकेन", तामाङले भन्नुभयो । अन्ततः आफ्नै सङ्घर्ष र एकताले काठे पुल निर्माण गरी जनजीन सहज बनाइएको स्थानीयको भनाइ छ । रासस

# पशुचौपाया गुमाएका परिवारलाई राहत दिइने



किमाथांका । जिल्ला विपद् व्यवस्थापन समितिले पहिरो तथा चट्याङका कारण भएको पशु चौपाया गुमाएका परिवारलाई राहत उपलब्ध गराउने निर्णय गरेको छ ।

समितिको आजको बैठकले पहिरो तथा चट्याङका कारण भएको पशुचौपाया गुमाएका पीडित परिवारलाई क्षतिवापत राहत उपलब्ध गराउने निर्णय गरेको हो ।

समितिले २०८२ वैशाखमा जिल्लाका विभिन्न स्थानमा परेको चट्याङका ६२ वटा पशुचौपाया गुमाएका पाँच घर परिवारलाई विपद्जन्य पशुधन क्षतिवापत नगद रु चार लाख ९३ हजार राहत उपलब्ध गराउने निर्णय गरेको सर्ुवासभाका साहयक प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार पुष्पलाल भण्डारीलाई १२ वटा भैँसीको क्षतिवापत रु दुई लाख १६ हजार तथा पाँच वटा गाईको क्षतिवापत रु ७५ हजार राहत प्रदान गरिनेछ । सरोज कुलुङ र गङ्गाबहादुर मादेनलाई एक/एक वटा गोरुको क्षतिवापत नही रु १५ हजार उपलब्ध गराइनेछ ।

टेकबहादुर गुरुङलाई ४३ वटा भेडा मरेको क्षतिवापत रु एक लाख ७२ हजार राहत प्रदान गरिने भएको साहयक प्रजिअ कार्कीले बताउनुभयो । पशुसेवा विज्ञ केन्द्र खाँदबारीको स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत विपद्जन्य पशुधन क्षति राहत कार्यक्रमका लागि प्राप्त रु पाँच लाखमध्येबाट उक्त राहत वितरण गरिने उहाँको भनाइ छ ।

बैठकले मकालु गाउँपालिका-५ निवासी दलबहादुर गुरुङको पशुधन क्षतिसम्बन्धी विषयमा राहतका लागि आवश्यक प्रक्रियाअघि बढाउने निर्णय गरेको हो । यही जेठ ९ गते परेको अविरल वर्षापछि आएको पहिराले गुरुङले फोक्टे क्षेत्रमा अस्थायी रूपमा राखेका भेडा बगाउँदा २५० मध्ये २१० वटा भेडा पुरिएर बेपत्ता भएका थिए । राहतका लागि भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रको पत्रमार्फत कोशी प्रदेश कृषि, उद्योग तथा सहकारी मन्त्रालयमा प्रक्रिया अघि बढाइने भएको साहयक प्रजिअ कार्कीले बताउनुभयो ।

उत्तर-दक्षिण कोशी सडक कार्यालयले सडक निर्माणका क्रममा अविरल वर्षा र अरुण नदीको कटानका कारण भएको क्षतिबाट विस्थापित डिल्लीकुमार राईलाई नगद रु दुई लाख ५५ हजार क्षतिपूर्ति उपलब्ध गराउने निर्णय गरेको छ ।

बैठकले बैठकले जिल्लाभर रहेका पुल, झोलुङ्गे पुल तथा अन्य संरचनाको जोखिम अवस्था अध्ययन गरी आवश्यक संरक्षण र मर्मतसम्भारका लागि पहल गर्ने निर्णय गरेको छ । रासस

# सुपारीखेतीमा इलामका किसानको लगाव



फिक्कल । पछिल्लो समय इलामका किसान व्यावसायिक सुपारीखेतीतर्फ आकर्षित हुन थालेका छन् । कम लगानी र थोरै मेहनतमा राम्रो आम्दानी हुने देखिएपछि यहाँका किसान खाली जमिनमा व्यावसायिक सुपारी खेतीतर्फ आकर्षित हुन थालेका छन् । यहाँका एउटै किसानले आठ हजार बोटसम्म सुपारी लगाउने गरेका छन् ।

माई नगरपालिका-९ का किसान अक्कलबहादुर राईले यसवर्ष मात्र २५ क्विन्टल सुपारी बिक्री गर्नुभएको छ । "मैले अन्य खेती मासेर सबैजसो जग्गामा सुपारी रोपेको छु, आधा बोटबाट आम्दानीसमेत लिन थालिसकेको छु", उहाँले भन्नुभयो, "प्रतिकेजी रु ७० सम्ममा घरबाटै बिक्री हुने गरेको छ ।"

एकपटक मेहनत गरेमा सजिलै फल्ने भएकाले व्यावसायिक सुपारीखेतीबाट मनग्य आम्दानी लिन सकिने उहाँको भनाइ छ । राई सानाठूला गरी करिब पाँच हजार बोट सुपारी रोप्नुभएकामा अधिकांश बोटले आम्दानी दिन थालिसकेका छन् ।

अर्का किसान धर्मराज पुरीले यस वर्ष १८ क्विन्टल सुपारी बिक्री गरेको सुनाउनुभयो । केही बोटले उत्पादन दिन थालेपछि यस वर्ष १८ क्विन्टल सुपारी बिक्री गरिएको र थप केही बोट उत्पादन दिन तयार भएकाले आगामी दिनमा थप व्यावसायिक कारोबार बढ्ने उहाँले बताउनुभयो ।

पुरीले करिब १० रोपनी क्षेत्रमा पाँच हजार बोट सुपारी लगाउनुभएको छ भने थप बोट रोप्ने तयारी गर्नुभएको छ । रासस

# लुम्बिनी प्रहरीद्वारा रु ४३ लाख मूल्य बढीका सामान बरामद

सिद्धार्थनगर । लुम्बिनी प्रदेश प्रहरी कार्यालयले प्रदेशभर शान्तिसुरक्षा सुदृढ गर्दै चोरी, तस्करी तथा राजस्व छली नियन्त्रणलाई प्राथमिकतामा राखेर विशेष अभियान सञ्चालन गरेको जनाएको छ ।

खुला सीमा नाकाबाट हुने अवैध आयात, तस्करी र आपराधिक गतिविधि नियन्त्रणका लागि रुपन्देही, कपिलवस्तु, नवलपरासी (पश्चिम), बाँके, बर्दिया, दाङलगायत सीमावर्ती जिल्लामा निगरानी तथा प्रहरी परिचालनलाई थप प्रभावकारी बनाइएको प्रहरीले जनाएको छ ।

सीमा क्षेत्रबाट हुने भन्सार छली, अवैध सामान ओसारपसार तथा राजस्व चुहावट नियन्त्रणका लागि लुम्बिनी प्रदेश प्रहरी कार्यालयले सञ्चालन गरेको अभियानअन्तर्गत आज बर्दियामा अवैध रुपमा भित्र्याइएका रु ४३ लाख ६१ हजार ८४० बराबरका सामान तथा सवारी साधन बरामद गरेको छ ।



प्रहरीका अनुसार ती सामग्री बर्दियाको मधुवन नगरपालिका-८ सानोश्री क्षेत्रमा भारतबाट भन्सार छली नेपाल ल्याउँदै गरेको अवस्थामा दुई भारतीय नागरिकलाई नियन्त्रणमा लिइएको थियो । भारतको बहराइच जिल्लाका २२ वर्षीय रिजवान अन्सारी र २० वर्षीय कलिम खानलाई नियन्त्रणमा लिँदा उनीहरुका साथबाट दुईवटा बोलेरो गाडी, एउटा पल्सर मोटरसाइकल तथा तीन हजार ७९० दर्जन केरा बरामद गरिएको थियो ।

उक्त सामान तथा सवार ीसाधनको अनुमानित मूल्य रु २५ लाख ५९ हजार रहेको प्रहरीले जनाएको छ । मधुवन नगरपालिका-६ मा आजै भारतबाट अवैध रूपमा भित्र्याई गोदाममा लुकाई राखिएको मटर, सुपारी, सुर्ती, चुरोट, बिँडी, माउथ फ्रेसनर, प्लास्टिकलगायत सामान बरामद गरिएको प्रहरीले जनाएको छ ।


स्थानीय पदमराज चौधरी र कोपिला खत्रीको घरमा भण्डारण गरिएको अवस्थामा बरामद गरिएका ती सामानको मूल्य रु १८ लाख दुई हजार ८४० रहेको छ । बरामद गरिएका सबै सामान तथा सवार ीसाधनको आवश्यक अनुसन्धान र कानुनी कारबाही अघि बढाइएको लुम्बिनी प्रदेश प्रहरी कार्यालयका लुम्बिनीले जनाएको छ ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक भूपेन्द्रबहादुर खत्रीले कानुन कार्यान्वयन गरी प्रदेशभर सुशासन, शान्तिसुरक्षालाई प्राथमिकतामा राखेर प्रहरीले काम गरिरहेको बताउनुभयो ।

उहाँले सीमा क्षेत्रबाट हुने चोरी-तस्करी नियन्त्रण, अपराध न्यूनीकरण तथा नागरिकमैत्री प्रहरी सेवामा उल्लेखनीय सुधार ल्याउन प्रहरी प्रतिबद्ध रहेको जानकारी दिनुभयो ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक शारदाप्रसाद चौधरीले सीमा क्षेत्रमा हुने तस्करी, राजस्व छली तथा अवैध कारोबार नियन्त्रणका लागि विशेष निगरानी र संयुक्त अभियानलाई निरन्तरता दिइएको बताउनुभयो । उहाँले अपराध नियन्त्रणसँगै आर्थिक अपराध रोकथाममा समेत प्रहरी केन्द्रित रहेको जानकारी दिनुभयो ।

यसैबीच, प्रहरीको सक्रिय अभियानप्रति स्थानीय समुदायले समेत सकारात्मक प्रतिक्रिया दिएका छन् । सिद्धार्थ उद्योग वाणिज्य सङ्घ रुपन्देहीका अध्यक्ष नेतृत्व आचार्यले प्रदेशमा शान्तिसुरक्षा कायम गर्न, चोर ी-तस्करी नियन्त्रण गर्न तथा व्यवसायमैत्री वातावरण निर्माण गर्न प्रहरीले प्रभावकारी भूमिका खेलेको बताउनुभयो । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# भारतसित छैन समस्या

नेपाल र भारतबीच सदियौँदेखि चलिआएको धार्मिक, सांस्कृतिक, भाषिक, सामाजिक सम्बन्धमा कुनै विवाद छैन । नेपाल र भारतबीचको सम्बन्ध संसारमै अलौकिक छ । नेपाल र भारतबीचको खुल्ला सीमा र रोटी-बेटीको सम्बन्धले दुई देशबीचको विश्वासलाई दर्शाउँछ । हजारौं भारतीय छोरीको विवाह नेपालमा हुने गर्छ । त्यसैगरी नेपाली छोरीहरुको विवाह पनि भारतमा हुने गर्छ । दुई देशबीच धेरै समानताहरु छन् । खासगरी नेपाली सीमासित जोडिएको भारतीय सीमावर्ती प्रदेशहरुको भाषा, धर्म, संस्कृति, भेषभुषा, खानपान, खेतीपाती सबै एकै नासको छ । दुई देशबीचको यो समानताले सम्बन्धलाई समेत सुदृढ बनाउँदै आएको छ । नेपाली र भारतीयहरुबीच पारिवारिक सम्बन्ध रहेकोले पनि दुई देशबीचको सम्बन्धलाई बलियो बनाउँदै आएको छ । नेपाल र भारतबीच धेरै व्यापार हुने गरेको छ । दुई देशबीचको व्यापारमा पनि अन्य देशहरुको तुलनामा फरक व्यवस्था गरिएको छ । नेपाल र भारतका नेताहरुको कारण कहिले काहीँ दुई देशबीचको सम्बन्धमा तिक्तता आएको देखिन्छ । तर तत्काल नै दुबै देशका नेताहरुले त्यसलाई आपसी छलफलद्वारा समाधान गर्छन् । नेपाल र भारतका नेताहरु सम्बन्धलाई सुदृढ बनाउन उदारताका साथ छलफलको टेबलमा बस्ने गर्छन् । त्यसकारण विवाद पनि चाँडै टुंगिने गर्छ । त्रेतायुगमा भारतको अयोध्या र नेपालको जनकपुरधामबीच भगवान सीतारामको शुभविवाह सम्पन्न भएको थियो । त्यसको विभिन्न पक्षहरुलाई समेटेर अझै पनि संस्मरण गरिन्छ । नेपाल र भारतमा धार्मिक पर्यटकहरुको आउजाउ अत्यधिक हुने गर्छ । नेपाल र भारतमा यी दुई देशका पर्यटकहरु नै आउजाउ गर्ने संख्यात्मक रुपमा बढी छ । नेपालको भारतसित समस्या छैन । खुल्ला सीमाना र राजनीतिक उतारचढावको कारण केही समस्या देखिए पनि त्यो चाँडै समाधान हुने गरेको छ । पछिल्लो समय सीमा सम्बन्धी विवाद सुल्झाउन दुबै देश सहमत छ । झण्डै १६ सय किलोमिटर लामो सीमामा कहिलेकाहीँ सीमा सम्बन्धमा विवाद देखिन्छ । तर दुई देश मिलेर त्यसको समाधान पनि निकाल्ने गरेको छ । नेपालको भन्दा भौलिक क्षेत्र भारतको विशाल छ । जनसंख्या पनि कयौं गुणा बढी छ । तर नेपाल पनि सार्वभौमसत्ता सम्पन्न राष्ट्र हो । नेपाल कसैको गुलाम नभएको इतिहास छ । नेपाल र भारतबीच भूमिको विषयमा देखिएको सामान्य प्रकृतिको विवादलाई दुबै देशले टेबुलमा बसेर समाधान गर्न सक्छ । नेपाली भूमि भारतले अतिक्रमण गऱ्यो, अथवा भारतीय भूमि नेपालले मिच्यो जस्ता भ्रममा पर्नु हुँदैन । नेपाल र भारतले आपसी समझदारीबाट समाधान खोज्नुपर्छ । हालसालै सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का केन्द्रीय सभापति र भारत भ्रमण गरेका परराष्ट्रमन्त्रीले सबै विवाद सहज रुपमा मिल्ने बताएका छन् । नेपाल र भारत दुबै देशको सीमामा उत्पन्न भएको विवादहरुलाई दीर्घकालीन रुपमा विश्वासका साथ सुल्झाउन आवश्यक छ ।

# लोकतन्त्र, समाजवाद र नेपालको भविष्य



डा. शोभाकर पराजुली

नेपालको संविधान (२०७२) ले देशलाई लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित समाजवाद उन्मुख राज्यका रूपमा परिभाषित गरेको छ। संविधानको प्रस्तावनामै कोरिएको यो वाक्यांश केवल कानुनी शब्दजाल वा राजनीतिक सङ्कलन मात्र होइन; यसले नेपालको भावी राजनीतिक, आर्थिक र सामाजिक यात्राको ऐतिहासिक दिशा सङ्केत गर्छ। तर विडम्बना के छ भने, संविधान जारी भएको दशक पुग्न लाग्दा पनि 'समाजवाद उन्मुख' राज्यको लक्ष्य तय गरेअनुरूप यसको वास्तविक अर्थ, स्वरूप र कार्यान्वयनको मोडेलबारे अझै स्पष्ट राष्ट्रिय सहमति बन्न सकेको छैन।

राजनीतिक दलहरूले चुनावी घोषणापत्रदेखि संसद्का रोस्ट्रम र सार्वजनिक भाषणसम्म समाजवादको नारा निरन्तर दोहोऱ्याइरहेका छन्। तर, आम नागरिकको दैनिक जीवनमा त्यसको अनुभूति भने अत्यन्त कमजोर, बरु उल्टो महँगो र कष्टकर बन्दै गएको छ। यसैकारण आज नेपाली समाजमा एउटा गम्भीर र पेचिलो प्रश्न उठ्न थालेको छ- नेपालले खोजिरहेको समाजवाद वास्तवमा कस्तो हो? लोकतान्त्रिक समाजवाद कि समाजवादी लोकतन्त्र? वा हामी केवल शब्दको बहकाउमा छौँ, तर त्यसको वैचारिक गहिराइ र व्यावहारिक अर्थ बुझ्न पूर्णतः असफल भइरहेका छौँ?

विश्व राजनीति र राजनीतिक दर्शनको इतिहासलाई हेर्ने हो भने 'लोकतान्त्रिक समाजवाद' र 'समाजवादी लोकतन्त्र' दुई फरक र कतिपय अवस्थामा विपरीत धारका अवधारणा हुन्। यी दुवै शब्द सुन्दा उस्तै र परिपूरक लागे पनि राज्यको चरित्र, नागरिक स्वतन्त्रता, अर्थतन्त्रको स्वामित्व र राजनीतिक शक्तिको वितरणलाई हेर्ने दृष्टिकोणमा यिनीहरूबिच निकै गहिरो अन्तर छ।

लोकतान्त्रिक समाजवादले लोकतन्त्रलाई सङ्कुचित होइन, मूल आधार मान्छ। यस दर्शनले नागरिक स्वतन्त्रता, बहुदलीय प्रतिस्पर्धा, विचार र अभिव्यक्तिको अधिकार, स्वतन्त्र प्रेस, स्वतन्त्र न्यायपालिका र विधिको शासनलाई कुनै पनि परिस्थितिमा, कुनै पनि बहानामा कमजोर पार्न नहुने अकाट्य विश्वास राख्छ। तर, यही उदार लोकतान्त्रिक संरचनाभित्र रहेर आर्थिक असमानता घटाउने, सामाजिक न्याय कायम गर्ने र राज्यलाई नागरिकको आधारभूत आवश्यकताप्रति उत्तरदायी बनाउने यसको मुख्य लक्ष्य रहन्छ।

यस अवधारणाको मूल दर्शन के हो भने, राजनीतिक स्वतन्त्रताविनाको आर्थिक समानता अन्ततः अधिनायकवादमा परिणत हुन्छ, र आर्थिक न्यायविनाको राजनीतिक स्वतन्त्रता केवल सम्पन्न वर्गको विशेषाधिकार बनेर सीमित हुन्छ। त्यसैले लोकतान्त्रिक समाजवादले राजनीतिक स्वतन्त्रता र सामाजिक न्यायलाई परस्पर विरोधी होइन, परस्पर पूरक तत्त्वका रूपमा अङ्गीकार गर्छ। यसैकारण यस अवधारणाले निजी क्षेत्रलाई पूर्ण रूपमा निषेध गर्दैन। बजार अर्थतन्त्र, निजी लगानी र उद्यमशीलतालाई स्वीकार गरिन्छ, तर राज्यले नियमन, सामाजिक उत्तरदायित्व र न्यायोचित पुनर्वितरणमार्फत असमानता नियन्त्रण गर्नुपर्छ भन्ने मान्यता राखिन्छ।

यसको विपरीत, समाजवादी लोकतन्त्रको अवधारणा मुख्यतः राज्य-केन्द्रित वा परम्परागत वामपन्थी समाजवादी संरचनासँग जोडिन्छ। यहाँ समाजवाद नै अन्तिम र निरपेक्ष लक्ष्य हो, र लोकतन्त्र वा राजनीतिक व्यवस्था त्यसलाई टिकाउने वा त्यसतर्फ लैजाने एउटा प्राविधिक माध्यम मात्र बन्न पुग्छ। यस प्रणालीमा राज्य र सत्ताधारी पार्टीको संरचना सर्वशक्तिमान हुन्छ। उत्पादनका साधन, ठुला उद्योग, प्राकृतिक स्रोत र समग्र आर्थिक संरचनामाथि राज्यको प्रत्यक्ष नियन्त्रण वा स्वामित्वलाई अनिवार्य ठानिन्छ।

यस्तो व्यवस्थामा बहुदलीय प्रतिस्पर्धा सीमित वा अनुपस्थित हुन सक्छ, किनभने यस अवधारणाका समर्थकहरू उदार वा पश्चिमा लोकतन्त्रलाई 'धनी वर्गको लोकतन्त्र' मान्छन्। उनीहरूको तर्क के हुन्छ भने बहुदलीय व्यवस्था र खुला बजार अन्ततः सीमित सम्पन्न समूहको हितमा केन्द्रित हुन्छ, जहाँ गरिब नागरिकले मतदान त गर्न पाउँछ, तर आफ्नो आर्थिक र वर्गीय अवस्था परिवर्तन गर्न सक्दैन।

### अन्तर्राष्ट्रिय अनुभव र भू-राजनीतिको छायाँ

पूर्वसोभियत सङ्घ, क्युबा र विशेषगरी छिमेकी मुलुक चीनका राजनीतिक र आर्थिक अनुभवहरू समाजवादी लोकतन्त्रको बहसमा जोडिएर आउने गर्छन्। चीनले ' चिनियाँ विशेषतासहितको समाजवाद' मार्फत पछिल्ला दशकहरूमा जुन तीव्र आर्थिक विकास हासिल गरेको छ, त्यो विश्व इतिहासमै अद्वितीय छ। करोडौँ मानिसलाई गरिबीको रेखाबाट माथि उठाउने, विश्वस्तरीय भौतिक पूर्वाधार निर्माण गर्ने र संसारको दोस्रो ठुलो आर्थिक महाशक्ति बन्ने यात्रामा चीनको सफलता निसन्देह उल्लेखनीय छ।

त्यहाँको बलियो राज्य संरचनाले दीर्घकालीन योजना बनाउने र ती योजनालाई दृढतापूर्वक लागु गर्ने अभूतपूर्व क्षमता प्रदर्शन गरेको छ। तर, यस मोडेलको अर्को पाटो पनि उत्तिकै विचारणीय छ। त्यहाँ राजनीतिक स्वतन्त्रता, प्रेस स्वतन्त्रता, खुला असहमति प्रकट गर्ने अधिकार र बहुदलीय प्रतिस्पर्धाको दायरा अत्यन्त सीमित छ। यही कारण चीनको मोडेल आर्थिक उपलब्धिका लागि संसारभर प्रशंसित भए पनि मानवअधिकार र नागरिक स्वतन्त्रताको विश्वव्यापी प्रश्नमा निरन्तर आलोचित हुँदै आएको छ।

नेपालको सन्दर्भमा यी दुई अवधारणाबिचको बहस केवल प्राज्ञिक विमर्श मात्र होइन, यो अत्यन्त संवेदनशील र महत्त्वपूर्ण छ। किनभने नेपाल केवल एउटा भूगोल वा राजनीतिक संरचना होइन; यो अत्यधिक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र बहुविचार युक्त विविधताले भरिएको समाज हो। यस्तो जीवन्त र विविधतायुक्त समाजमा राजनीतिक स्वतन्त्रता सीमित गर्ने वा कुनै एक प्रकारको वैचारिक एकरूपता जबर्जस्ती थोपर्ने प्रयास गरियो भने, त्यसले स्थायित्वभन्दा बढी भयानक सामाजिक असन्तोष र विद्रोह जन्माउन सक्छ।

नेपाली जनताले २००७ सालको प्रजातान्त्रिक आन्दोलनदेखि २०४६ को जनआन्दोलन, ०६२/०६३ को ऐतिहासिक जनआन्दोलन, सशस्त्र द्वन्द्वको शान्तिपूर्ण अवतरण र गणतन्त्र स्थापनासम्म बारम्बार लोकतन्त्र, नागरिक अधिकार र अभिव्यक्ति स्वतन्त्रताका लागि कठोर सङ्घर्ष गरेका छन्। हजारौँ वीर सपुतहरूले जेल, यातना, निर्वासन र बलिदान बेहोरेका छन्। त्यसैले, केवल आर्थिक विकास वा समृद्धिको मोहजाल देखाएर नागरिकको राजनीतिक र व्यक्तिगत स्वतन्त्रता खुम्च्याउने कुनै पनि राजनीतिक वा आर्थिक मोडेल नेपाली समाज र माटोका लागि सहज स्वीकार्य हुने सम्भावना छँदै छैन।

### विचार र व्यवहारबिचको खाडल


तर, आजको नेपालको वस्तुगत यथार्थलाई निर्मम भएर हेर्ने हो भने विचार र व्यवहारबिच एउटा ठुलो र भयावह खाडल देखिन्छ। संविधानले 'समाजवाद उन्मुख' राज्य त भन्यो, तर व्यवहारमा दलाल पुँजीवाद र आसेपासे अर्थतन्त्रले देशको अर्थतन्त्रलाई गाँजेको छ। राज्यका नीति, नियम र निर्णयहरू आम सोझा र सर्वसाधारण नागरिकको हितभन्दा सीमित राजनीतिक-व्यापारिक सिन्डिकेट र बिचौलिया समूहको स्वार्थ रक्षा गर्न केन्द्रित भइरहेको आरोप चौतर्फी लागिरहेको छ।

### यसका केही प्रत्यक्ष र टड्कारो उदाहरणहरू हाम्रै सामु छन्:

कृषि क्षेत्रको उपेक्षाः मुलुक कृषिप्रधान भनिन्छ, तर किसानले खेती गर्ने मुख्य समयमा कहिल्यै मल र बिउ पाउँदैनन्। अनेक कष्ट गरेर उब्जाएको वस्तुको उचित मूल्य नपाएर किसान सडकमा तरकारी र दुध फाल्न बाध्य छन्।

युवा श्रमको पलायनः देशभित्र रोजगारी र अवसरको खडेरी परेपछि प्रतिदिन हजारौँको सङ्ख्यामा ऊर्जावान् युवा जनशक्ति खाडी र मलेसियाका मरुभूमिमा आफ्नो रगत-पसिना बगाउन र कतिपय अवस्थामा बाकसमा फर्किन विवश छन्।

शिक्षा र स्वास्थ्यको व्यापारीकरणः सरकारी वा सार्वजनिक विद्यालय र अस्पतालको अवस्था दिनप्रतिदिन खस्कँदो छ। शिक्षा र स्वास्थ्यजस्ता आधारभूत क्षेत्रहरू पहुँचवाला र धनीका लागि मात्र सुलभ र गुणस्तरीय बन्दै गएका छन्।



आजको नेपाली राजनीतिमा एउटा खतरनाक र भ्रामक प्रवृत्ति मौलाएको छ– समाजवादलाई केवल चुनावी नारामा सीमित गर्ने र लोकतन्त्रलाई मात्र आवधिक निर्वाचन वा मतपेटिकासम्म खुम्च्याउने। चुनावका बेला जनतासामु समाजवाद, सुशासन, सामाजिक सुरक्षा र समृद्धिका ठुला-ठुला आकाशे कुरा गरिन्छ, तर सत्ता प्राप्त गरेलगत्तै राज्य संयन्त्रलाई दलीय भागबन्डा, संरक्षणवाद र व्यक्तिगत वा गुटगत स्वार्थपूर्तिको माध्यम बनाइन्छ।

हाम्रा निष्पक्ष हुनुपर्ने सार्वजनिक संस्थाहरू, विश्वविद्यालयहरू र संवैधानिक निकायहरू चरम दलीय प्रभाव र हस्तक्षेपको चङ्गुलमा फसेका छन्। नियुक्तिहरू योग्यता र क्षमताभन्दा पनि राजनीतिक पहुँच र चाकरीका आधारमा हुने प्रवृत्ति संस्थागत भइसकेको छ। यस्तो आत्मघाती अवस्थाले लोकतन्त्रको नैतिक र दार्शनिक आधारलाई जगैदेखि कमजोर बनाएको छ।

यदि लोकतन्त्रले नागरिकलाई सामाजिक न्याय, आर्थिक अवसर, सुरक्षा र आत्मसम्मान दिन सकेन भने जनतामा चरम निराशा र आक्रोश बढ्छ। यही जननिराशाको जगमा टेकेर कहिलेकाहीँ लोकतन्त्रविरोधी वा अधिनायकवादी सोच र पपुलिजमलाई समर्थन गर्ने घातक मनोविज्ञान जन्मिन सक्छ। विश्वका विभिन्न देशहरूमा बढ्दो आर्थिक असमानता, भ्रष्टाचार र राजनीतिक अस्थिरताका कारण स्थापित लोकतान्त्रिक संस्थाहरूप्रति जनविश्वास धर्मराएका उदाहरणहरू प्रशस्तै छन्। नेपालले बेलैमा यसबाट गम्भीर पाठ सिक्नुपर्छ।

लोकतन्त्रलाई केवल पाँच वर्षमा दिइने भोटमा सीमित राखेर यसको रक्षा सम्भव छैन। लोकतन्त्रले नागरिकको भान्सा, उसको स्वास्थ्य र छोराछोरीको शिक्षामा सकारात्मक परिवर्तन ल्याउन सक्नुपर्छ। त्यसैले, नेपालका लागि सबैभन्दा उपयुक्त, व्यावहारिक र सुरक्षित मार्ग लोकतान्त्रिक समाजवाद नै हो। यसको अर्थ पश्चिमी शैलीको नवउदारवादी छाडा पुँजीवाद होइन, न त कठोर राज्य-नियन्त्रित कम्युनिस्ट व्यवस्था नै हो।

नेपाललाई आज यस्तो सन्तुलित र मानवीय प्रणाली चाहिएको छ, जहाँ नागरिकको बोल्ने, लेख्ने र दल खोल्ने राजनीतिक स्वतन्त्रता पूर्ण रूपमा सुरक्षित रहोस्, तर सँगसँगै राज्यले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र समान अवसरको जिम्मेवारी पनि दृढतापूर्वक वहन गरोस्। नागरिकले केवल 'बोल्ने अधिकार' मात्र पाएर पुग्दैन, उसले भोकै नमरी 'सम्मानपूर्वक बाँच्ने अवसर' पनि पाउनुपर्छ।

जबसम्म गरिब र धनीका छोराछोरी फरक-फरक स्तरको विद्यालयमा पढ्न बाध्य हुन्छन्, तबसम्म सामाजिक न्यायको चर्चा केवल बौद्धिक विलास मात्र रहन्छ। जबसम्म सामान्य उपचारका लागि गरिब नागरिक आफ्नो जायजेथा बेच्न वा ऋणको दलदलमा डुब्न बाध्य हुन्छ, तबसम्म समाजवादको नारा खोक्रो र क्रूर सुनिन्छ। राज्यले सरकारी विद्यालय र सरकारी अस्पताललाई निजी क्षेत्रभन्दा बढी विश्वसनीय, प्रविधियुक्त र गुणस्तरीय बनाउन नसकेसम्म समाजवादप्रतिको जनविश्वास कहिल्यै बलियो हुन सक्दैन।

नेपालसँग प्रशस्त जलस्रोत, अद्वितीय प्राकृतिक सौन्दर्य र ऊर्जावान् युवा जनशक्ति छ। तर, नीतिगत अस्थिरता, संस्थागत भ्रष्टाचार र दीर्घकालीन भिजनको अभावले यी सम्भावनाहरू केवल गफ गर्ने माध्यम बनेका छन्। कृषि, जलविद्युत्, पर्या-पर्यटन र उदाउँदो सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको मुख्य मेरुदण्ड बनाउनुपर्छ। लाखौँ युवालाई विदेशी श्रम बजारमा पठाएर रेमिट्यान्सको जगमा टिकेको अर्थतन्त्रले मुलुकलाई दीर्घकालीन समृद्धि दिन सक्दैन।

देशभित्रै उत्पादन, औद्योगिक विकास, नवप्रवर्तन र उद्यमशीलता बढाउन सकिए मात्र सामाजिक न्याय र वास्तविक आर्थिक आत्मनिर्भरता सम्भव हुन्छ। सुशासन समाजवादको प्राण हो। भ्रष्टाचार, नातावाद, कृपावाद र राजनीतिक संरक्षणवादको अन्त्य नगरी समाजवादको कुनै पनि मोडेल सफल हुन सक्दैन। राज्यका आर्थिक नीतिहरू सीमित दलाल पुँजीपति वर्गको नाफाका लागि होइन, बरु आम भुइँमान्छेको हितका लागि निर्माण गरिनुपर्छ। राज्यका प्रत्येक सार्वजनिक निकायमा हुने नियुक्तिहरू दलको सदस्यता हेरेर होइन, क्षमता र योग्यताका आधारमा हुनुपर्छ। लोकतन्त्रको सार नै जनताप्रतिको उत्तरदायित्व र पारदर्शिता हो। यदि राज्य संयन्त्र नागरिकप्रति उत्तरदायी बन्न सकेन भने लोकतन्त्र पनि धराशयी हुन्छ र समाजवाद पनि इतिहासको पानामा अविश्वसनीय बन्न पुग्छ।

आजको एक्काइसौँ शताब्दीको विश्व राजनीतिमा पनि लोकतन्त्र र सामाजिक न्यायबिच कसरी सन्तुलन कायम गर्ने भन्ने बहस तीव्र छ। अत्यधिक खुला पुँजीवादले विश्वभर धनी र गरिबबिचको खाडल बढाएर द्वन्द्व निम्त्याएको छ भने, कठोर राज्य नियन्त्रणले नागरिकको स्वतन्त्रताको घाँटी निमोठेको तितो अनुभव विश्वले देखिसकेको छ। यही कारण धेरै आधुनिक र कल्याणकारी मुलुकहरूले एउटा सन्तुलित र मानवीय मोडेल खोजिरहेका छन्, जहाँ आर्थिक विकास, द्रुत उद्यमशीलता, बलियो सामाजिक सुरक्षा र लोकतान्त्रिक स्वतन्त्रता एकसाथ अगाडि बढ्न सकून्। नेपालले पनि यही सन्तुलित बाटो रोज्नुपर्छ।

अन्ततः नेपाल र नेपाली राजनीतिलाई अहिले सबैभन्दा बढी आवश्यक परेको कुरा वैचारिक स्पष्टता र राजनीतिक इमानदारी हो। समाजवादको नाममा केवल खोक्रा भाषण गर्ने र लोकतन्त्रको नाममा केवल चुनाव जित्ने सामन्ती राजनीतिक संस्कृतिबाट मुलुकलाई अविलम्ब मुक्त गर्नुपर्छ। आम नागरिकले राज्यबाट सुरक्षा, सम्मान, अवसर र न्यायको ठोस अनुभूति गर्न सके मात्र सङ्घीय लोकतान्त्रिक गणतन्त्र अर्थपूर्ण बन्छ।

लोकतन्त्रलाई जगैदेखि बलियो बनाउँदै, नागरिकको आर्थिक-सामाजिक न्याय सुनिश्चित गर्ने मार्गले नै नेपालको स्थायित्व, सार्वभौमिकता, समृद्धि र राष्ट्रिय एकताको बलियो आधार खडा गर्न सक्छ। यही नै लोकतान्त्रिक समाजवादको वास्तविक सार हो र नेपालको भविष्य पनि सम्भवतः यही बाटोमा मात्र सुरक्षित छ। यो लेख रातोपाटीडटकमबाट साभार गरिएको छ ।

# रवी लामिछानेको भारत भ्रमण



श्रीमन नारायण

दक्षिणी छिमेकी भारतको सत्ताधारी भारतीय जनता पार्टीका अध्यक्ष नितिन नवीनको मैत्रीपूर्ण नियन्त्रणमा नेपालको सत्ताधारी राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवी लामिछानेको पाँच दिने भारत भ्रमण हालै सम्पन्न भएको छ । आम निर्वाचन २०८२ मा दुईतिहाई बहुमत ल्याएर सरकार बनाउन सफल भएको राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल मात्रै होईन अपितु दक्षिण एशियामै चर्चाको विषय बनेको छ । अमेरिकासम्म नेपालको निर्वाचन परिणाम चर्चाको विषय बनेको छ । दक्षिणी छिमेकी भारतसँग हाम्रो परम्परागत बहुआयामिक सम्बन्ध रहाँ आएको छ । यस सम्बन्धको लाभ जुनरुपमा र जति बढी लिन सकिन्थ्यो, त्यति संभव हुन सकेको छैन । रास्वपा सभापतिलाई जसरी भारतीय जनता पार्टीको कार्यालयमा स्वागत गरियो, त्यसले आगामी दिनमा रास्वपा-भाजपा मैत्री सम्बन्धलाई पनि प्रगाढ बनाउने सम्भावनालाई अस्वीकार गर्न सकिदैन । रास्वपा अध्यक्षको भारतका प्रधानमन्त्री नरेन्द्र मोदी सँग एक घण्टा लामो वार्ता हुनु र वार्ता सकारात्मक एवं सफल सावित हुनु सकारात्मक हो । रवी लामिछानेले भारतका गृहमन्त्री अमित साह र विदेशमन्त्री एस.जयशंकरसित पनि भेट वार्ता गर्नु भयो । रवी लामिछानेको सफल भारत भ्रमणले भारतको मोदी सरकार र नेपालको बालेन सरकारबीचको सम्बन्धलाई पनि प्रगाढ बनाउनेछ ।

रवी लामिछाने र नरेन्द्र मोदीबीच भएको भेटवार्तामा रास्वपा सभापति लामिछानेले "हामी नेपालीको आर्थिक हैसियत बढाउन चाहन्छौ । हामीलाई जनताले दिएको जनादेशको मर्म पनि यही हो । यसका लागि आर्थिक साझेदारी हाम्रो प्राथमिकतामा छ । खेलकुद, सूचना प्रविधि, एआई, जलविधुत, कृषि, पर्यटन क्षेत्रमा हामी अघि बढन चाहन्छौ, यसमा भारतको पूर्ण सहयोगको अपेक्षा गर्छौं भनेका छन् । रास्वपा सभापतिको प्रस्तावको जवाफमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले तपाईहरु प्राथमिकताको सुची तयार पार्नुस र तत्कालै परिणाम देखिने परियोजनाहरु वा कार्यसूची बनाउनुस । हामीबीच विगतमा भएका सहमतिहरुलाई निश्चित सीमा तोकेर कार्यान्वयन गरौ, जसवाट नेपाली जनतामा आशा र भरोसाको सन्चार गर्न सकियोस । भारत, नेपालको विकासको हरेक प्रयासमा सम्भव भएजति सहयोग र सहकार्य गर्न तयार रहेको आवश्वासन दिए । भारतका गृहमन्त्री अमित साह र विदेशमन्त्री एस.जयशंकर विश्वास दिलाउनु भयो ।

भारतको प्रतिष्ठित राष्ट्रय अंग्रेजी दैनिक हिन्दुस्तान टाइम्समा रवी लामिछानेको एउटा विचार पनि प्रकाशित भएको छ । विशेष, आकांक्षी नेपाल र उदाउँदो भारत कसरी पुनः जोडिन सक्छन्" ? शिर्षकको लेखकमा उनले चारवर्षभन्दा कम समयमा लगभग दुई तिहाई संसदीय बहुमत प्राप्त गर्ने र विश्वको सबैभन्दा कान्छो प्रधानमन्त्री निर्वाचित गर्ने दलविहिन पेशेवर र नौसिखियाहरुद्धारा स्थापित राजनीतिक दलको उदय राजनीतिक इतिहासमा कुनै नियमित घटना होईन । नेपालमा के भईरहेको छ । यो राष्ट्र कहाँ जाँदैछ भन्ने वारे जिज्ञासा दक्षिणी छिमेकी भारत सहित विश्वका कतिपय देशहरुमा रहेको भन्दै उनले नेपालको रुपान्तरणको यो कथा सडक हिंसा, सैन्य विद्रोह, विदेशी हस्तक्षेप वा संवैधानिक शुन्यतावाट लेखिएको नभई शान्तिपूर्ण र लोकतान्त्रिक मतदान क्रान्तिवाट भएको उल्लेख गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीलाई उनले नेपालको नयाँ राजनीतिक वास्तविकता भनेका छन् ।









रास्वपाले प्राप्त गरेको मतले आक्रोश र आक्रोश दुवैलाई प्रतिनिधित्व गर्दछ । परिवर्तनको पक्षमा अभूतपूर्व जनादेश आएको उनले उल्लेख गरेका छन् ।

नेपाल र भारत केवल दुई देश मात्र होईनन् हामी एउटा गौरवशाली प्राचीन सभ्यताका साझेदार हौ, जनकपुर र अयोध्या जोडिएपछि मात्र रामको गाथा पुरा हुन्छ । पशुपतिनाथ र केदारनाथलाई एक साथ ल्याएपछि मात्र आस्था पुरा हुन्छ, भन्दै उनले लुम्बिनी र बोधगयालाई जोडेर मात्र एक महान सभ्यताको आधारभुत गर्भ साकार हुन्छ, उनले आफनो लेखमा उल्लेख गरेको छन् ।

भारत सफलतापूर्वक ग्रहको सबै भन्दा ठुलो र द्रुत गतिमा बढदो अर्थतन्त्रहरु मध्येको एक बनेको छ । यस उपलब्धिको हामी सम्मान गर्दछौं र हामी पनि विकासमा साझेदार बन्न चाहन्छौ, भारतको मेट्रो रेल विस्तारमा विश्वव्यापी नेता बन्ने बाटोमा छ, प्रतिदिन लगभग १५ किलोमिटर रेलवे ट्र्याक बिछ्याउँदै छ । प्रस्तावित रक्सौल-काठमाण्डौं रेलमार्ग १५० किलोमिटर भन्दा पनि कम छ । रेलमार्गको निर्माणपछि हामी बीचको व्यापार, पर्यटन र क्षेत्रीय सम्पर्कमा क्रान्ति ल्याउनेछ । रवी लामिछानेले भारतको उड्डयन क्षेत्रले कसरी प्रगति गरेको हो, हामी देखेका हौं । पोखरा र लुम्बिनीवाट, दिल्ली, मुम्बई र बेंग्लोरका चम्किला केन्द्रहरुमा सिधा उडान कसरी हुन सक्दछ ? हामी केवल आन्ध्र प्रदेस र तेलंगानाले कसरी आईटीमा समृद्धि पारिस्थिक प्रणाली निर्माण गरे भन्ने वारे पनि बुझ्न चाहन्छौ । काठमाण्डौ-बैंग्लोर डिजिटल कोरिडोरको परिकल्पना पनि उनले गरेका छन् । नेपालमा आईआईटी र एम्स जस्ता संस्थाहरुको आयोजना गर्नुका साथै भारतका आईटी कम्पनीहरु, स्टार्टअप, इकोसिस्टमहरु र विश्वविद्यालयहरुलाई विश्वासका साथ भन्न सक्छ, नव प्रवर्तन प्रयोगशालाहरु, इन्क्युवेशन केन्द्रहरु र टेक हवहरु स्थापना गरेर हामीलाई नवप्रवर्तनमा आफनो साझेदार बनाउनुहोस । यसवाट हामी हाम्रो उच्च प्रतिभाशाली युवा पुस्ता, प्रचुर मात्रामा स्वच्छ ऊर्जा र बढदो डिजिटल इकोसिस्टममा गर्व गर्छौं । रवी लामिछानेले नेपालको सिमाना क्षेत्रमा रासायनिक मल कारखानाको स्थापनालाई आवश्यक ठानेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल-भारत सम्बन्धको सम्पूर्ण शब्दावलीलाई भुराजनीतिक घर्षणवाट टाढा राखेर विकास कुटनीतिमा दृढता पूर्वक राख्न चाहन्छ भनेका छन् । हाम्रो मुख्य एजेण्डा कुटनीतिक नियोगहरुलाई व्यापार र आर्थिक साझेदारीको इन्जिनमा रुपान्तरण गर्नु हो । हामी दुवै राष्ट्रका साधारण नागरिकहरुको दैनिक जीवनमा मापनयोग्य परिणामहरु प्रदान गर्ने सम्बन्ध चाहन्छौं । नेपालको जलविधुत सम्भावना अव केवल घरेलु सम्पति मात्र रहेन । यो एउटा स्वच्छ, हरियो इन्जिन हो जसले उदाउँदो भारतको औद्योगिक कोरिडोरहरुलाई शक्ति प्रदान गर्न सक्षम छ । हामीले खण्डित सीमापार व्यापारवाट बलियो रुपमा एकीकृत ऊर्जा व्यापार तर्फ अघि बढनु आवश्यक छ, लेखेका छन् । हिमालयका चुचुराहरु देखि जनकपुर, लुम्बिनी र बोधगयाका पवित्र सर्किटहरुसम्म, हाम्रो पर्यटन सम्भावना एक अर्कासँग निर्भर छ । हामीले विश्वव्यापी पर्यटकहरुलाई प्रशासनिक अवरोध विना हाम्रो साझा सम्पदा अनुभव गर्न अनुमित दिने पर्यटन सर्किटहरु निर्माण गर्नुपर्छ । कृषि, स्वास्थ्य सेवाको क्षेत्रमा पनि भारतको सहयोग महत्वपूर्ण सावित भएको छ । रास्वपा अध्यक्षको यो विचार नेपाल र भारत दुवैतिर चर्चाको विषय बनेको छ । रवी लामिछानेको सफल भारत भ्रमणले नेपाल र भारतका सत्ताधारी दलहरु राष्ट्रिय स्वतन्त्र पार्टी र भारतीय जनता पार्टीबीचको सम्बन्धलाई बलियो बनाउनेछ, यसको लाभ हाम्रा सरकारहरुलाई पनि हुनेछ । रवी लामिछानेको भ्रमणलाई नेपालको हितमा कसरी पुँजीकृत गर्न सकिन्छ, यसको सम्पूर्ण दायित्व वर्तमान सरकारको हुनेछ ?

# शिक्षामन्त्री पोखरेलद्वारा डा डिल्लीरमण रेग्मी राष्ट्रिय तथा अन्तरराष्ट्रिय शान्ति पुरस्कार प्रदान



काठमाण्डु । डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समितिले प्रदान गर्दै आएको डा डिल्लीरमण रेग्मी राष्ट्रिय शान्ति पुरस्कार २०८२ बाट वरिष्ठ चिकित्सक डा गौरीशङ्कर लाल दास र वरिष्ठ नेत्ररोग विशेषज्ञ डा रामप्रसाद पोखरेललाई संयुक्त रूपमा प्रदान गरिएको छ।

साथै, डा डिल्लीरमण रेग्मी अन्तरराष्ट्रिय शान्ति पुरस्कार २०२६ संस्थागततर्फ कोरिया अन्तरराष्ट्रिय सहयोग नियोग (कोइका) लाई प्रदान गरिएको छ । सोमबार आयोजित विशेष समारोहमा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले पुरस्कार हस्तान्तरण गर्नुभएको थियो। राष्ट्रिय शान्ति पुरस्कारको राशि रु एक लाख रहेको छ।

पुरस्कार प्राप्त डा गौरीशङ्कर लाल दास चिकित्सा विज्ञान, सार्वजनिक स्वास्थ्य, स्वास्थ्य नीति तथा मानवीय सेवाका क्षेत्रमा लामो समयदेखि सक्रिय रहँदै आउनुभएको छ। त्यस्तै, डा रामप्रसाद पोखरेलले नेपालको नेत्रचिकित्सा क्षेत्रको विकास, आधुनिक आँखा उपचार सेवाको विस्तार तथा नेपाल नेत्रज्योति सङ्घको स्थापना र सुदृढीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो।

अन्तरराष्ट्रिय पुरस्कारबाट सम्मानित कोइकाले नेपालमा शिक्षा, स्वास्थ्य, सुशासन, सूचना प्रविधि, प्राविधिक तथा व्यावसायिक शिक्षा, विपद् व्यवस्थापन र संस्थागत क्षमता विकासलगायत क्षेत्रमा दीर्घकालीन सहयोग गर्दै आएको छ। कार्यक्रममा पुरस्कार छनोट तथा शिक्षा र समाजसेवाको क्षेत्रमा पुऱ्याएको योगदानको कदरस्वरूप प्रा डा मोहन लोहनी, प्रा डा जयराज आचार्य र प्रा डा प्रेमकुमार खत्रीलाई 'मायाको चिनो' प्रदान गरिएको थियो।

पुस्तकालय विकास समितिकी अध्यक्ष प्रा डा विणा पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सदस्य चन्द्रकिरण श्रेष्ठले संस्थाका गतिविधिबारे जानकारी गराउनुभएको थियो ।रासस

# संसद्बाटै मागियो अर्थमन्त्रीमाथि संसदीय छानबिन

**टुडे समाचारदाता**

काठमाण्डु । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेमाथि संसदीय छानबिन अघि बढाउन संसद् बैठकबाटै माग भएको छ । राप्रपा सांसद ज्ञानेन्द्र शाहीले करका दर हेरफेर हुन लागेको विषय चुहावट हुनु सामान्य विषय नभएको भन्दै संसदीय छानबिन हुनुपर्ने बताएका हुन्।



अर्थ मन्त्रालयबाट नभइ संसदबाटै समिति गठन हुनुपर्ने उनको भनाइ छ।

'देशको अर्थमन्त्रीमाथि छानबिन अर्थ मन्त्रालय होइन, संसदीय छानबिन समिति चाहिन्छ। त्यसबाट छानबिन गर्नुहोस्। करका दर हेरफेर गर्ने सूचना लिक गरेर आज कसरी आयो यो ? यो सामान्य कुरा हो ? भन्सारको कर्मचारीलाई थाहा हुने कुरा हो यो ?,' शाहीले प्रश्न गरेका छन्।

देशका जम्मा तीन जना मान्छेलाई थाहा हुने विषय चुहिनुलाई गम्भीर रुपमा लिन उनले ध्यानाकर्षण गराए।

'देशका जम्मा तीन जना मान्छेलाई थाहा हुन्छ । एउटा अर्थमन्त्री, चाह्यो भने अर्थ सचिव र राजश्व सचिवलाई थाहा हुन्छ। यदी अर्थमन्त्रीले स्वीकृति दिनुभयो भने मात्रै,' उनले भने, 'यो ठूलो अपराध हो। सुशासनको आडमा बनेको सरकार हो यो । अहिले आएको १८२ सिट आएको छ, तपाईं हामीले कुनै काम गरेर आएको होइन।'

साथै, उनले कुशासनको बाटोमा नलाग्न पनि रास्वपालाई आग्रह गरे। 'जनता वाक्क भएर सुशासन हुन्छ भनेर आएका हुन्। अहिले कुशासनको बाटोतिर नलाग्नुस्,' उनले भने।

संसद्मा दर्ता भइसकेको आर्थिक विधेयकका १६ पेज हटाएर अर्थमन्त्रालयले नयाँ रुपमा विधेयक अगाडि सारेपछि यो विषयमा सरकारको आलोचना भइरहेको छ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले यही जेठ १५ गते आर्थिक विधेयक ल्याएका थिए।

उक्त विधेयकमा आर्थिक विधेयक पृष्ठ संख्या ४६४ छ। अर्थ मन्त्रालयले फेरबदल गरेर आफ्नो वेबसाइटमा राखेको विधेयकको पृष्ठ संख्या ४४८ छ।

अर्थमन्त्रालयले १६ पेज हटाएर विधेयक सार्वजनिक गरेको हो । संसद्मा पेश गरेको र अर्थ मन्त्रालयले आफ्नो वेबसाइटमा पछिल्लो पटक राखेको आर्थिक विधेयकमा करसम्बन्धी व्यवस्थामै फरकपन छ।

संसद्का जानकारहरूका अनुसार संसद्मा पेश भइसकेको विधेयकमा संशोधन गर्न संसद्को अनिवार्य स्वीकृति चाहिन्छ। संसदमा पेस गरिसकेको आर्थिक विधेयकमा भएका विषय सच्याउनका लागि पहिला संसदमा संशोधन ल्याउनुपर्ने हुन्छ। संसद्मा पुगिसकेको विधेयकमा अर्थ मन्त्रालयले आफैं सच्याउन पाउने कानुन छैन।

# ग्रेटर नेपालका अभियन्ता नेपाल पक्राउ



**टुडे समाचारदाता**

काठमाण्डु। राष्ट्रिय स्वतन्त्र नागरिक समाजका अध्यक्ष एवं ग्रेटर नेपालका अभियन्ता फणिन्द्र नेपाल पक्राउ परेका छन्।

अपराध अनुसन्धान कार्यालय टेकुका अनुसार नेपाललाई बूढानीलकण्ठ नगरपालिका-१०, कटारीबस्तीबाट पक्राउ गरिएको हो।

चेक अनादर मुद्दामा जाहेरी परेपछि उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

संखुवासभा सभापोखरी स्थायी घर भएका ६७ वर्षीय नेपाल हाल भक्तपुरको मध्यपुर थिमि नगरपालिका-३ कौशलटार बस्दै आएका छन्। रासस

# बजेटले सही दिशा समातेको छ, कार्यान्वयन निर्णायक हुन्छः अध्यक्ष श्रेष्ठ



काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अन्जन श्रेष्ठले आर्थिक वर्ष २०८३/८४ को बजेटले अर्थतन्त्र सुधारका लागि सही दिशा समातेको भए पनि यसको सफलता कार्यान्वयनमा निर्भर रहने बताउनुभएको छ।

बजेटमाथिको नीति संवाद कार्यक्रममा उहाँले निजी क्षेत्रले बजेटलाई समर्थन वा विरोधको दृष्टिकोणबाट नभई लगानीको वातावरण सुधार, उत्पादन वृद्धि र रोजगारी सिर्जनाको आधारमा मूल्याङ्कन गर्ने बताउनुभयो । उहाँले बजेटले दशकौँदेखि अर्थतन्त्रमा रहेको संरक्षणवाद, अनौपचारिकता र प्रशासनिक झन्झटको चक्र तोड्ने प्रयास गरेको भन्दै यसलाई सकारात्मक रूपमा लिनुपर्ने धारणा राख्नुभयो।

अध्यक्ष श्रेष्ठले बजेटका केही पक्षमा पुनर्विचार आवश्यक रहेको बताउनुभयो। अन्तःशुल्क हटाइएको भनिए पनि विभिन्न शीर्षकमा शुल्क कायम राखिएकाले करको वास्तविक भार नघटेको, औद्योगिक कच्चा पदार्थमा राहत पर्याप्त नभएको तथा कृषि औजारको भन्सार दर वृद्धि गरिनुले साना किसान प्रभावित हुने उहाँको तर्क थियो।

उहाँले कर विवाद समाधानका लागि दिइएको समयसीमा विस्तार गर्न, स्टार्टअप कर्जाको पहुँच र स्पष्टता बढाउन तथा व्यवसाय दर्तादेखि बहिर्गमनसम्मका प्रक्रिया नागरिक एपमार्फत एकीकृत गर्न सरकारसँग आग्रह गर्नुभयो।

अध्यक्ष श्रेष्ठले नेपालको प्रमुख चुनौती नीति निर्माणभन्दा पनि कार्यान्वयनमा रहेको उल्लेख गर्दै परियोजना कार्यान्वयनमा ढिलाइ, कमजोर खर्च क्षमता, नीतिगत अस्थिरता र अन्तर-निकाय समन्वयको अभाव अन्त्य नभएसम्म बजेटका सकारात्मक व्यवस्था अपेक्षित परिणाममा रूपान्तरण हुन नसक्ने चेतावनी दिनुभयो।

उहाँले सरकारको भूमिका उद्योग सञ्चालन गर्ने नभई उद्योग सञ्चालनका लागि अनुकूल वातावरण निर्माण गर्ने हुनुपर्ने धारणा राख्दै निजी क्षेत्र लगानी, उद्योग विस्तार, रोजगारी सिर्जना र उच्च आयमुखी अर्थतन्त्र निर्माणको यात्रामा सरकारसँग सहकार्य गर्न तयार रहेको बताउनुभयो। "समग्रमा हामी आशावादी छौँ, तर निजी क्षेत्र अझै पनि केही हदसम्म चिन्तित छ," उहाँले भन्नुभयो। रासस

# "प्रधानमन्त्रीको अभिव्यक्ति र आर्थिक विधेयक संशोधनप्रति प्रतिपक्षीले विरोध गर्दा समाधान नखोज्नु खेदजनक छ"

**टुडे समाचारदाता**

काठमाण्डु । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले प्रधानमन्त्री बालेन्द्र साहको अभिव्यक्ति र आर्थिक विधेयकमाथि गरिएको संशोधनप्रति प्रतिपक्षी दलहरूले एकीकृत विरोध गर्दा पनि सरकारले समाधान खोज्न नसकेको भन्दै टिप्पणी गरेका छन्।



अस्वस्थ भएर प्रतिनिधि सभा बैठकमा जान नसकेको बताएका केसीले सोमबार सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'प्रधानमन्त्रीको अभिव्यक्ति तथा संसदलाई छल्दै आर्थिक विधेयकमा गरिएको संशोधनप्रति सम्पूर्ण प्रतिपक्षी दलहरूको एकीकृत विरोध हुँदासमेत सरकारले समाधान खोज्न कुनै तत्परता नदेखाउनु खेदजनक छ।'

प्रधानमन्त्री शाहले 'नेपालले पनि भारतको जग्गा मिचेको रहेछ' भन्ने अभिव्यक्ति दिएका थिए। कांग्रेससहित प्रतिपक्षी दलहरूले प्रधानमन्त्रीले उक्त भनाइको पुष्टि गर्ने प्रमाण उपलब्ध गराउनुपर्ने नभए उक्त अभिव्यक्ति संसदको रेकर्डबाट हटाउनुपर्ने माग राख्दै लगातार सदन अवरोध गर्दै आएका छन्। साथै अर्थमन्त्री स्वर्णिम वाग्लेले करका दर हेरफेर गरेको आरोप लागेको छ।

यस्तो छ केसीको भनाइ- हाम्रो संसद कहिलेकाहीँ विशेष वा असामान्य परिस्थितिमा मात्र अवरूद्ध हुने नभई दुर्भाग्यवश वर्षौंदेखि अवरोधको निरन्तर अभ्यासहरू नै संसदीय संस्कृतिको रूप लिँदै आएको छ।

यो कुनै एक दलको समस्या मात्र नभई हाम्रो समग्र संसदीय संस्कृतिमा देखिएको गम्भीर विकृति छ।

विगतका तथ्यहरू हेर्दा संसद अवरोधको अवधि अस्वाभाविक रूपमा लामो देखिन्छ, जसले लोकतान्त्रिक संस्थाप्रतिको जनविश्वास कमजोर बनाएको छ।

विश्वका स्थापित लोकतन्त्रहरूमा पनि विवाद र गतिरोध हुन्छन्, देखिन्छन् तर समाधानको खोजी सधैं संवाद, सहमति र संस्थागत प्रक्रियामार्फत् गरिन्छ।

बेलायतमा ब्रेक्जिट विवादका क्रममा सन् २०१९ मा संसद स्थगनको विषय उठ्दा अदालतले नै संसदलाई अनिश्चितकालका लागि बन्द गर्न नपाइने स्पष्ट आदेश दिएको थियो । भारतमा सन् २०१० को टूजी स्पेक्ट्रम घोटालाका कारण संसद २२ दिन अवरूद्ध रह्यो तर अन्ततः संयुक्त संसदीय समिति गठन गरी समाधानको बाटो खोजिएको थियो।

विश्वभरका संसदीय अभ्यासले जटिल विवादहरूको अन्तिम समाधान संवाद, सर्वदलीय सहमति, संसदीय समिति वा छानबिन संयन्त्रमार्फत हुने तथ्य पुष्टि गर्छन्।

तर नेपालमा भने प्रधानमन्त्रीको अभिव्यक्ति तथा संसदलाई छल्दै आर्थिक विधेयकमा गरिएको संशोधनप्रति सम्पूर्ण प्रतिपक्षी दलहरूको एकीकृत विरोध हुँदासमेत सरकारले समाधान खोज्न कुनै तत्परता नदेखाउनु खेदजनक छ । यो

> "कांग्रेससहित प्रतिपक्षी दलहरुले प्रधानमन्त्रीले उक्त भनाइको पुष्टि गर्ने प्रमाण उपलब्ध गराउनुपर्ने नभए उक्त अभिव्यक्ति संसदको रेकर्डबाट हटाउनुपर्ने माग राख्दै लगातार सदन अवरोध गर्दै आएका छन्।"

केवल प्रतिपक्षको उपेक्षा मात्र होइन, जनताको सार्वभौम इच्छाको प्रतिनिधित्व गर्ने सर्वोच्च नीतिगत मञ्च संसदप्रतिको अनादर पनि हो। संसदलाई कमजोर बनाउने प्रवृत्तिले लोकतन्त्र बलियो हुन सक्तैन बरू निरन्कुशता तिर उन्मुख बनाउँछ।

संसद विचार, विमर्श, असहमति र सहमतिका माध्यमबाट राष्ट्रिय समस्याको समाधान खोज्ने सर्वोच्च लोकतान्त्रिक संस्था हो। जनताका आवाजलाई नीतिमा रूपान्तरण गर्ने स्थान भएकाले यसको मूल धर्म बहस, संवाद ,सहमति र निर्णय हो। यसको सुत्राधार र संयोजन सत्तापक्ष र सभामुखले नै गर्नु पर्छ।

निरन्तर अवरोध वा बन्दले जनप्रतिनिधित्व, उत्तरदायित्व र लोकतान्त्रिक प्रक्रियालाई कमजोर बनाउँछ। जनताको समृद्धि, विकास र भविष्यसँग प्रत्यक्ष जोडिएको वार्षिक बजेटमाथि संसदमा गम्भीर छलफल हुन नसक्नु, स्थगन हुनु, आज छैटौं दिनसम्म पनि संसद अवरोध निरन्तर रहँदा पनि सरकार मौन रहनु अत्यन्त दुःखद अवस्था हो।


यदि संसदमा बहस, जबाफदेहिता र सहमतिको अभ्यास कमजोर हुँदै जाने हो भने जनप्रतिनिधिमूलक संस्थाको औचित्यको कुनै अर्थ रहँदैन।

तसर्थ सरकारले तत्काल सबै पक्षसँग संवाद गरी सहमतिमार्फत् निकास खोज्नु कर्तब्य र लोकतान्त्रिक दायित्व मात्र होइन, संसदीय मर्यादा, परम्परा र विधिको शासनको न्यूनतम पालना गर्ने अपरिहार्य आवश्यकता पनि हो । यतातिर सरकार र प्रतिपक्ष सबै गम्भीर हुनु अनिवार्य आवश्यकता रहेको उनको भनाइ छ।

# सीमा विवादबारे विपक्षी दलहरूले उठाएका विषयमा सरकार गम्भीर रहेको सभामुखको विश्वास

**टुडे समाचारदाता**

काठमाण्डु। सीमा विवादबारे विपक्षी दलहरूले उठाएका विषयमा सरकार गम्भीर रहेको विश्वास सभामुख डोलप्रसाद अर्यालले व्यक्त गरेका छन्।



सोमबारको प्रतिनिधिसभाको बैठकमा सभामुख अर्यालले यस्तो बताएका हुन्।

यही १७ जेठमा प्रधानमन्त्री बालेन शाहले प्रतिनिधिसभाको बैठकमा सांसदहरूका प्रश्नको जवाफ दिएका थिए । त्यसक्रममा नेपालले समेत भारको जमिन मिचेको भनेर दिएको अभिव्यक्तिमा विपक्षी दलहरूले प्रश्न उठाउँदै आएका छन्।

यही विषयलाई लिएर विपक्षी दलहरूले विरोध गरेका कारण संसद् कार्यसूचीमा प्रवेश गर्न सकेको छैन।

यस सन्दर्भमा विपक्षी दलहरूलाई मनाउने प्रयासमा सभामुख डोलप्रसाद अर्यालले सीमा विवादबारे विपक्षी दलहरूले उठाएका विषयमा सरकार गम्भीर रहेको विश्वास व्यक्त गरेका हुन्।

'विगत केही दिनदेखि सदन स्थगित भइरहेको छ। विषयवस्तु उठिरहेको विषयमा मलाई पनि ध्यानाकर्षण भएको भन्दै आएको छु। यसमा सत्तापक्षबाट विपक्षी दलसँग संवाद भइरहेको पनि जानकारी नै छ,' सभामुख अर्यालले भने।

यहीँनेर उनले विपक्षीले उठाएका विषयमा सरकार पनि गम्भीर रहेको बताएका हुन्।

'हामीले हाम्रा मुद्दा र विषय दर्ज गराएका छौं । सरकार त्यसका गम्भीर नै हुन्छ भन्ने मलाई विश्वास छ । त्यसकारण हामी पनि हाम्रो कार्यसूचीमा अगाडि बढौं' सभामुखको आग्रह छ।

आज प्रतिनिधिसभामा राष्ट्र बैंक ऐन तेस्रो संशोधन विधेयक प्रतिनिधिसभामा प्रस्तुत हुँदै छ।

बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपाल राष्ट्र बैंक ऐन तेस्रो संशोधन विधेयक प्रस्तुत गर्ने कार्यसूची छ।

यसभन्दा अगाडि सभामा सभामुखले कार्यव्यवस्था परामर्श समितिमा सदस्यहरूको नाम मनोनयन गरेको बेहोरा जानकारी गराउनेछन्।

त्यसपछि राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल प्रारम्भ हुनेछ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले वक्तव्यसहित आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नेछन् ।रासस

# प्रतिनिधिसभा बैठकः प्रधानमन्त्रीको सीमासम्बन्धी अभिव्यक्ति स्पष्ट पार्न सांसदको माग

काठमाण्डु। प्रतिनिधिसभा बैठकमा विपक्षी दलका सांसदहरुले प्रधानमन्त्री वालेन्द्र शाहले यही जेठ १७ गते सम्बोधनकै क्रममा दिनुभएको अभिव्यक्तिप्रति असहमति जनाउनुभएको छ।

प्रतिनिधिसभाको सोबारको बैठकमा विपक्षी दलका सांसदहरुले आसनबाट उभिएर विरोध जनाएपछि सभामुख डोलप्रसाद अर्यालले उहाँहरुलाई बोल्न समय दिनुभएको थियो।

सांसदहरुले सीमासम्बन्धी उक्त अभिव्यक्ति अभिलेखबाट हटाइनुपर्ने मागसमेत बैठकमा राख्नुभएको छ। बैठक निर्धारित समयभन्दा दुई घण्टा ढिला सुरु भएको थियो।

बैठकमा सांसद पद्माकुमारी अर्यालले प्रधानमन्त्री शाहको सीमासम्बन्धी उक्त अभिव्यक्ति अभिलेखबाट हटाउन माग गर्नुभयो।


विसं २०७७ मा लिपुलेक, लिम्पियाधुरा, कालापानीलाई नेपालको नक्सामा राख्ने विषयमा राष्ट्रिय सहमति जुटेको उहाँले स्मरण गर्नुभयो।

यसैगरी, बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससहित विपक्षी दलका सांसदहरु सन्तोष सुब्बा, हर्कराज साम्पाङ राई, वर्षमान पुन, ज्ञानेन्द्रबहादुर शाहीलगायतले करका दर फेरबदल गरिएको, भन्सारलाई मिलाएर चीनबाट गाडी आयातमा अनियमितता भएको विषय सञ्चारमाध्यमबाट सार्वजनिक भएको विषयप्रति छानबिन गरी दोषीलाई कारबाही गरिनुपर्नेमा जोड दिनुभयो। रासस



# रास्वपा बाजुरा सभापतिमा जैशी पुनःनिर्वाचित

बाजुरा । सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी बाजुराको प्रथम जिल्ला अधिवेशनबाट आज नयाँ कार्यसमिति चयन भएको छ।



जिल्ला कार्यसमितिको नयाँ कार्यसमितिको सभापतिमा नवराज जैशी पुनःनिर्वाचित भएको निर्वाचन समिति संयोजक शंकर गिरीले बताउनुयो । रास्वपाको प्रथम जिल्ला अधिवेशनपछि जिल्ला कार्यसमितिको सर्वसम्मत रुपमा जैशी सभापति रहने गरी १० सदस्यीय कार्य समिति चयन गरिएको गिरीले बताउनुभयो । पार्टीको जिल्ला कार्यसमिति उपभापतिमा पूर्णलाल पाण्डे, सचिव विक्रम गुयाल, सहसचिव विर्ख विष्ट र कोषाध्यक्ष सीता ओली (बुढा) सर्वसम्मत रुपमा चयन गरिएको निर्वाचन समिति सदस्य मीनाकुमारी रोकायाले राससलाई जानकारी दिनुभयो।

सोमबार नै उहाँले निर्वाचित कार्यसमितिलाई प्रमाणपत्रसहित सपथ ग्रहण गराउनुभयो । आइतबारबाट जिल्ला सदरमुकाम मार्तडीमा सुरु भएको प्रथम जिल्ला अधिवेशनमा नौ वटै पालिकाबाट करिब ५०० बढी जिल्ला अधिवेशन प्रतिनिधि सहभागी भएको रास्वपा बाजुराले जनाएको छ।

नयाँ कार्यसमितिको सचिव पदमा भने विवाद कायम छ।


## भूमि सुधार तथा मालपोत कार्यालय, गौर, रौतहट

## मोहियानी हक दावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही ब्रहम्देव पाठक मरुवा भएकाले मोही लगत कट्टा गरी पाउँ भनी ज.ध. तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ दिने सूचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भई मोही लगत कट्टा हुनु नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हकदाबी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानून व्यवसायी पठाउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ।

**तपसिल**

| ज.ध.को नाम | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं | क्षेत्रफल | मोही |
|---|---|---|---|---|---|---|
| सुमन कुमारी | रौतहट | गौर | ८ | ३०८ | ०-३-० | ब्रहम्देव पाठक |

यसमा उपरोक्तानुसारको जग्गाको मोही ब्रहम्देव पाठकको मृत्यु भइसकेकोले हकवाला श्रीमती, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री कोही नभएकोले उक्त मोही हकदार विहीन मरुवा मोही भएकोले मोही लगत कट्टा गरी पाउँ भनि ज.ध.ले मांग गरेकोले सो सम्बन्धमा यो सूचना प्रकाशित गरिएको छ। उक्त मरुवा मोही लगत कट्टा नहुने कुनै प्रमाण भएको भए निज मोहीका हकवालाले यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र सप्रमाण उजुर गर्न यस कार्यालयमा आफै वा रितपुर्वकको वारेस साथ उपस्थित हुन आउनु होला। अन्यथा नियमानुसार मोही लगत कट्टा भइ जाने छ। पछि कुनै उजुर लाग्ने छैन।

## फिलिपिन्स भूकम्प :
# ३१ जनाको मृत्यु, दर्जनौं अझै बेपत्ता

रासस/एएफपी।फिलिपिन्सको दक्षिणी क्षेत्रमा सोमबार गएको ७.८ म्याग्निच्युडको भूकम्पमा परी कम्तीमा ३१ जनाको मृत्यु भएको प्रान्तीय अधिकारीहरूले बताएका छन् ।

राष्ट्रिय प्रकोप अधिकारीहरूका अनुसार कम्तीमा एक दर्जन व्यक्ति अझै हराइरहेका छन् भने १३४ जना घाइते भएका छन् ।

करिब सात लाख २० हजार जनसङ्ख्या रहेको जनरल सान्तोसको दक्षिणमा गएको भूकम्पले कम्तीमा नौ जनाको ज्यान लिएपछि फिलिपिन्सका अधिकारीहरूले प्रभावित तटीय क्षेत्रका मानिसहरूलाई उच्च स्थानमा जान आग्रह गरेका छन् ।

अमेरिकी भौगर्भिक सर्वेक्षण संस्था (युएसजिएस) का अनुसार भूकम्प गएको करिब दुई घण्टापछि ६.५ म्याग्निच्युडको शक्तिशाली पराकम्प गएको थियो ।

जनरल सान्तोसमा एएफपीका एक पत्रकारले सोमबार दिउँसो उद्धारकर्मीहरूले ग्राहकहरूको भीडभाड भइरहने एक लोकप्रिय किराना पसल भत्किँदा भग्नावशेषमा पुरिएका भनिएका दुई कर्मचारीको मृत शरीरलाई




निकाल्ने प्रयास गरिरहेका देखेको बताए ।

अति प्रभावित सारङ्गानी प्रान्तका विपद् प्रमुख रेने पुन्जालानले एएफपीलाई बताएअनुसार ग्लान नगरपालिकामा मात्रै पहाडको फेदमा पहिरोले घर पुरिँदा १४ जनाको मृत्यु भएको छ ।

"भूकम्पलगत्तै पहिरो खसेको थियो, धेरै मानिसको ज्यान गइसकेको छ", उहाँले भन्नुभयो, "केही क्षेत्रमा मानवीय क्षति भए/नभएको विवरण आउन बाँकी छ ।"

"सबैभन्दा ठूलो चुनौती भनेको सञ्चार हो। बिजुली काटिएको छ, त्यसैले घटनाबाट थप अपडेटहरू प्राप्त गर्न गाह्रो छ," पुन्जालानले भन्नुभयो ।

"हामी पराकम्पबाट हुनसक्ने थप क्षतिप्रति चिन्तित छौँ", उहाँले थप्नुभयो, "हामी बासिन्दाहरू त्रासबीच सहयोगको पर्खाईमा रहेको महसुस गर्न सक्छौँ ।" सामाजिक सञ्जालमा पोस्ट गरिएको र एएफपीले प्रमाणित गरेको भिडियोमा जनरल सान्टोस सिटीमा जोलिबी फास्ट फूड रेष्टुरेन्ट भएको सपिङ सेन्टर भग्नावशेषमा परिणत भएको देखिएको छ भने विद्यालयको एउटा भवन भत्किएर अर्को भवनमाथि परेको देख्न सकिन्छ ।

एएफपीले प्राप्त गरेको अर्को भिडियोमा भूकम्पले उनीहरूलाई यताउता पछाडि पछाडि हल्लाउँदै गर्दा साना स्कुले बालबालिकाहरू शिक्षकको काखमा चिच्याएको देख्न सकिन्छ ।

स्कूलको आधिकारिक फेसबुक पेजमा अपलोड गरिएको भिडियोको अन्त्यमा विद्यालय परिसरको पृष्ठभूमिमा एक कमजोर धातुको संरचना भत्किएको देखिएको थियो तर त्यसमा कोही नपरेको बताइएको छ ।

सारङ्गानी प्रकोप प्रमुख पुन्जालानलेएएफपीलाईबताउनुभयो, "बिहानको सुनामीको चेतावनीका कारण दुई हजारभन्दा बढी मानिसहरूलाई सुरक्षित स्थानमा सारिएको छ र उनीहरू आफ्नो घर फर्कन सूचनाको पर्खाइमा छन् ।"

"अधिकारीहरू अझै उनीहरूलाई घर पठाउन ठीक हुन्छ कि हुँदैन भनी स्थितिको आँकलन गरिरहेका छन्," उहाँले भन्नुभयो ।

प्रशान्त महासागरीय सुनामी चेतावनी केन्द्रले जारी गरेको सूचनामा फिलिपिन्स, इन्डोनेसिया, पलाउ, ताइवान र पपुवा न्युगिनीको तटीय क्षेत्रमा सुनामीको लहर आउने सम्भावना रहेको उल्लेख गरिएको थियो । रासस

# हङकङलाई हराउँदै नेपालले जित्यो एसियाली पुरुष छनोटको उपाधि




काठमाण्डु । एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत पुरुष क्रिकेट छनोट खेलमा नेपालले हङकङलाई पराजित गर्दै प्रतियोगिताको उपाधि जितेको छ ।

सिङ्गापुरस्थित सिङ्गापुर राष्ट्रिय क्रिकेट मैदानमा आज भएको फाइनल खेलमा नेपालले हङकङमाथि १९ रनको जित निकाल्दै प्रतियोगिताको उपाधि जितेको हो । वर्षाले प्रभावित बनेको खेलमा नेपालले हङकङलाई डकवर्थ लुइस पद्धतिमा १९ रनले हराएको हो ।

हङकङले दिएको १८९ रनको विजयी लक्ष्य पछ्याएको नेपाल ११ दशमलव ३ ओभरमा २ विकेट गुमाएर ११४ रनको योगफल बनाएको थियो । त्यसपछि वर्षा भएपछि नेपाल र हङकङबीचको खेल रोकिएको थियो । वर्षाका कारण खेल पुन सुरु हुन नसकेपछि नेपालले डकवर्थ लुइस पद्धतिमा नेपालले प्रतियोगिताको उपाधिमाथि जित हासिल गरेको हो ।

नेपालका लागि ओपनर कुशल भूर्तेलले सर्वाधिक ६५ रनको योगदान दिए । उनले ४० बलमा ८ चौका र ३ छक्काको सहयोगमा सर्वाधिक ६५ रन बनाएका हुन । त्यस्तै अर्का ओपनर आसिफ शेख शून्यमा नै आउट भए । रोहित पौडेलले २४ बलमा ३५ रन जोडे ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको हङकङले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १८८ रनको योगफल बनाएको थियो । हङकङको लागि अशुंमन रथले सर्वाधिक ८० रनको योगदान दिए ।

उनले ४५ बलमा ६ चौका र ६ छक्काको सहयोगमा ८० रनको अर्धशतकीय इनिङ खेलेका हुन । त्यस्तै सहिद वासिफले २८ बलमा ७ चौका र ३ छक्काका साथ ५५ रन बनाउँदै आउट भए । शिव माथुरले २१ बलमा २६ रन बनाए ।

बलिङतर्फ नेपालका लागि शेर मल्लले चार विकेट लिए । त्यसैगरी करण केसीले दुई विकेट लिए भने सन्दीप लामिछानेले एक विकेट झारे । नेपालले सेमिफाइनल खेलमा ओमानलाई पराजित गर्दै प्रतियोगिताको फाइनलमा पुगेको हो । यता हङकङले भने मलेसियालाई पाखा लगाउँदै फाइनलमा पुगेको थियो । यी दुवै राष्ट्र आगामी सेप्टेम्बरमा जापानमा आयोजनामा हुने एसियन खेलका लागि छनोट भइसकेका छन् । रासस

# इबोला नियन्त्रणका लागि ५१ करोड ८० लाख डलर योजना



रासस/एएफपी । कंगो लोकतान्त्रिक गणतन्त्र (डीआरसी) मा फैलिएको इबोला प्रकोप नियन्त्रण र तयारी क्षमता बलियो बनाउन विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले ५१ करोड ८० लाख अमेरिकी डलरको व्यापक क्षेत्रीय योजना सार्वजनिक गरेको छ । योजना २०२६ जुनदेखि नोभेम्बरसम्म लागू हुने गरी तयार गरिएको हो ।

डब्लुएचओका महानिर्देशक टेड्रोस अधानोम गेब्रेयससले इबोला नियन्त्रण केवल चिकित्सा प्रतिक्रिया मात्र नभई राजनीतिक प्रतिबद्धता, दीगो वित्तपोषण र समुदायको सक्रिय सहभागितामा निर्भर रहने स्पष्ट पानुभएको छ । उहाँका अनुसार अफ्रिका सीडीसी र डब्लुएचओले साझेदार संस्थाहरूसँग मिलेर तयार पारेको यो योजना महामारी रोकथाम, शीघ्र पहिचान र उपचार क्षमतामा केन्द्रित छ ।

उहाँले सामाजिक सञ्जाल एक्समा सार्वजनिक गरेको सन्देशमा इबोला नियन्त्रणका लागि स्थानीय समुदायसँग विश्वास निर्माण, अग्रपङ्क्तिका स्वास्थ्यकर्मीको परिचालन र सङ्क्रमण रोकथामका उपायहरूलाई सुदृढ पार्नुपर्ने आवश्यकता औँल्याउनुभयो । साथै, सङ्क्रमित व्यक्तिलाई समयमै उपचारमा ल्याउन सके मृत्युदर घटाउन सकिने उहाँले उल्लेख गर्नुभयो ।

टेड्रोसले डीआरसीका राष्ट्रपति फेलिक्स त्सेसेकेडीसँग हालै बुन्डिबुग्यो क्षेत्रमा देखिएको इबोला प्रकोपबारे विस्तृत छलफल भएको जानकारी पनि दिनुभयो । उक्त छलफलमा उपचार सेवा विस्तार, निदान क्षमता वृद्धि र स्वास्थ्य संरचनाको सुधारबारे प्रगति समीक्षा गरिएको थियो ।

उहाँका अनुसार केही बिरामी पहिले नै उपचारपछि निको भएर घर फर्किएका छन् । यसले प्रारम्भिक उपचार प्रभावकारी हुने सङ्केत दिएको छ । उहाँले महामारी नियन्त्रणसँगै अन्य स्वास्थ्य तथा मानवीय सेवाहरूलाई पनि निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो ।

डब्लुएचओ प्रमुखले अन्तर ाष्ट्रिय समुदायलाई समन्वित सहयोग गर्न आग्रह गर्दै यात्रा वा व्यापारमा अनावश्यक प्रतिबन्धले राहत तथा उपचार प्रयासमा बाधा पुर्‍याउन सक्ने चेतावनी पनि दिनुभयो ।

इबोला एक गम्भीर भाइरल रक्तस्रावी ज्वरो हो ।

# युद्धपीडित गाजामा शौचालयको अभाव, पालभित्रै शौच गर्न बाध्य परिवार

रासस/एएफपी । इजरायल-हमास युद्धका कारण घरबारविहीन बनेका गाजाका लाखौं प्यालेस्टिनीहरू अहिले विशाल पाल शिविरहरूमा अत्यन्त कठिन र अस्वस्थकर अवस्थामा जीवन बिताउन बाध्य छन् । विशेषगरी उचित शौचालयको अभावले स्वास्थ्य, सरसफाइ र मानवीय मर्यादामाथि गम्भीर असर पारेको छ ।

दक्षिणी गाजाको खान युनिस क्षेत्रमा बस्ने ३८ वर्षीय मुस्तफा शाबानले आफ्नो परिवारका लागि पालभित्रै अस्थायी शौचालय निर्माण गर्नुभएको छ । उहाँले बालुवायुक्त जमिनमा खाल्डो खनेर वरिपरि सिमेन्ट हालेर एउटा प्वालयुक्त संरचना बनाउनुभएको छ। त्यसमाथि पुरानो प्लास्टिकको शौचालय सिट राखिएको छ ।

यो शौचालय परिवार सुत्ने, खाना पकाउने र बस्ने स्थानबाट केही कदमको दूरीमै छ । दुर्गन्ध, झिंगा र लामखुट्टेको समस्या निरन्तर रहे पनि सार्वजनिक शौचालय प्रयोग गर्नुभन्दा यही विकल्प रोज्नुपरेको शाबान बताउँछन् । प्रत्येक हप्ता उनले आफैंले शौचालयको फोहोर निकालेर व्यवस्थापन गर्नुपर्ने अवस्था छ ।

उहाँका अनुसार सार्वजनिक शौचालयमा जानु विशेषगरी महिला र बालबालिकाका लागि अपमानजनक र असुरक्षित



छ । त्यसैले कठिनाइ हुँदाहुँदै पनि परिवारका लागि निजी शौचालय बनाइएको हो ।

युद्धले गाजाका करिब १७ लाख नागरिकलाई विस्थापित बनाएको छ । तीमध्ये अधिकांश मानिस अस्थायी पाल शिविर हरूमा बसिरहेका छन्, जहाँ व्यवस्थित शौचालय, ढल निकास र सरसफाइका आधारभूत सुविधा लगभग छैनन् । धेरै परिवारले आफैं खाल्डो खनेर शौचालय बनाएका छन् भने कतिपयले एउटै शौचालय धेरै परिवारबीच साझा गर्नुपरेको छ ।

सार्वजनिक शौचालयहरूमा बिहानदेखि बेलुकासम्म लामो लाइन लाग्ने गरेको छ । पुरुष, महिला र बालबालिका सबैले पालो कुर्नुपर्छ । सामान्य कपडा वा पातलो टिनको पर्खालले मात्र छेकिएका यी शौचालयहरूमा गोपनीयता अत्यन्त कम छ । विशेषगरी महिलाहरू रातिको समयमा शौचालय जान डराउने गरेका छन्, किनभने शिविर हरूमा पर्याप्त सुरक्षा र बत्तीको व्यवस्था छैन ।

सरसफाइको अभावले संक्रामक रोग फैलिने जोखिम पनि बढाएको छ । फोहोर पानी, खुला ढल र अस्थायी शौचालयका कारण बालबालिका तथा वृद्धहरू विशेष जोखिममा रहेको मानवीय सहायता संस्थाहरूले चेतावनी दिएका छन् ।

लगातारको युद्ध, पूर्वाधारको विनाश र मानवीय सहायता सामग्रीको सीमित पहुँचका कारण गाजाका लाखौं नागरिक अझै पनि आधारभूत मानव आवश्यकताबाट वञ्चित छन् । शौचालयजस्तो सामान्य सुविधा समेत दुर्लभ बनेको अवस्थामा विस्थापित परिवारहरू दैनिक जीवनका न्यूनतम आवश्यकताका लागि संघर्ष गरिरहेका छन् ।

## यु-१९ महिला राष्ट्रिय क्रिकेटः
# कर्णाली दोस्रोपटक पराजित

काँक्रेविहार । यु-१९ महिला राष्ट्रियक्रिकेटप्रतियोगिताअन्तर्गत आज भएको खेलमा कर्णाली प्रदेशलाई पराजित गर्दै मधेश प्रदेश विजयी भएको छ । यो हारसँगै कर्णाली लगातार दोस्रोपटक पराजित भएको छ भने मधेसले लगातार दोस्रोपटक जित दर्ता गराएको हो ।

सुदूरपश्चिम प्रदेशले अहिलेसम्म खेलेका तीनवटै खेल जितेर उपाधिको बलियो दाबेदार बनेको छ । सोमबार कालुङ्चोक मैदानमा भएको कर्णालीविरुद्धको खेलमा मधेसले नौ विकेटको फराकिलो अन्तरले जित हासिल गरेको हो । पहिलो खेलमा कोशीमाथि जित निकालेको मधेसले लगातार दोस्रो जितसँगै चार अङ्क जोडेको छ ।




पहिले ब्याटिङ थालेको कर्णालीले चार विकेटको क्षतिमा १०३ रनको लक्ष्य दिएको थियो । मधेसले यो लक्ष्य नौ दशमलव एक ओभरमा एक विकेट गुमाएर पूरा गर्‍यो । घरेलु मैदानमा कर्णालीका लागि कप्तान तिर्सना विश्वकर्माले नटआउट ४९ रनको पारी खेल्दा उमा चौधरीले ३३ रन जोडिन् । कर्णालीकी ओपनर सरिता विष्टले पहिलो ओभरमा एक रन जोड्दै आउट भएपछि दोस्रो ओभरमा ओपनर सोविता शाही साक्षी यादवको बलमा शून्यमा आउट भइन् । कर्णालीका लागि तिर्सना र उमाले १०२ रनको सम्मानजनक योग बनाएका हुन् । अर्धशतक पूरा गर्नबाट एक रनले चुकेकी तिर्सनाले ६५ बलको सामना गर्दा तीन चौकासहित ४९ रन बनाइन् । उमाले ३३ बलमा चार चोकासहित २९ रन जोडिन् ।

जवाफी ब्याटिङमा उत्रिएको मधेसका लागि ओपनरद्वय सना प्रविनले नटआउट ४४ र अलिशा यादवले ४७ रन जोड्दै आठौँ ओभरसम्म साझेदारी गरी जित सुनिश्चित गरेका हुन् । पहिलो खेलमा अर्धशतकीय पारी खेलेकी सनाले २१ बलमा नौ चौका तथा अलिशाले ३३ बलमा आठ चौका र एक छक्कासहित ४७ रन बटुलेर जितको आधार तयार परेका हुन् ।

आजै वीरेन्द्रनगरको खेल मैदानमा भएको खेलमा सुदूरपश्चिमले लुम्बिनीलाई आठ विकेट पराजित गरेको छ । टस जितेर पहिला ब्याटिङ रोजेको लुम्बिनीले ओपनर अञ्जी पाठकको ७६ र आशना चौधरीको २४ रनको मद्दतमा पाँच विकेट गुमाएर १४१ रन बनाएको थियो । लुम्बिनीका अरु ब्याटरले दोहोरो अंक जोड्न सकेनन् ।

एकतीस (३१) रन अतिरिक्त खर्चिँदै कमजोर बलिङ प्रदर्शन गरेको सुदूरका लागि ओपनरले जितका लागि १३२ रनको साझेदारी गर्दै बलियो जग बनाए । पैतालीस बलको सामना गरेकी 'प्लयेर अफ दी म्याच' सावित्री धामीले एक छक्का र ११ चौकासहित नटआउट ७६ रन बनाइन् भने करुणा विष्टले चार चौकासहित ४० बलमा ४५ रन बटुलिन् ।

प्रतियोगिताअन्तर्गत पहिलो खेलमा कोशीमाथि ८९ रनको जितसहित प्रतियोगिताको सुरुवात गरेको सुदूरपश्चिमले दोस्रो खेलमा बागमतीलाई पराजित गरेको थियो । सोमबार तेस्रो जितसँगै सुदूरपश्चिम छ अङ्क जोडेर शीर्षस्थानमा उक्लिएको छ । रासस

# पश्चिम बंगालबाट ५ हजार बंगलादेशी फिर्ता

रासस/एएफपी । भारतको पश्चिम बंगाल राज्यमा नयाँ राजनीतिक परिवर्तनपछि सुरक्षा र आप्रवासन नीतिहरू कडा बनाइँदा करिब पाँच हजार बंगलादेशी नागरिकलाई हिरासतमा लिएर सीमापार फिर्ता गरिएको आधिकारिक विवरण सार्वजनिक भएको छ । अधिकारीहरूका अनुसार यो कारबाही हालैको निर्वाचनपछि गठन भएको राज्य सरकारको नयाँ नीतिअन्तर्गत गरिएको हो ।

प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा) ले पश्चिम बङ्गालको चुनावमा विजय हासिल गरेपछि अवैध आप्रवासी पहिचान र निर्वासनलाई प्राथमिकता दिँदै अभियान अघि बढाएको बताइएको छ । चुनाव अभियानका क्रममा पार्टीले 'अवैध आप्रवासीको पहिचान, नियन्त्रण र निर्वासन' कडाइका साथ लागू गर्ने प्रतिबद्धता जनाएको थियो ।

पश्चिम बङ्गालका अधिकारीहरूले राज्यभर स्थापना गरिएका होल्डिङ सेन्टरमार्फत हालसम्म करिब चार हजार ८०० बङ्गलादेशी नागरिकलाई फिर्ता पठाइएको जनाएका छन् । थप ८३६ जना हाल ती केन्द्रहरूमा राखिएको र उनीहरूलाई पनि छिट्टै निर्वासन गर्ने तयारी



भइरहेको जानकारी दिइएको छ ।

मुख्यमन्त्री सुभेन्दु अधिकारीले कोलकातामादिएकोअभिव्यक्तिमानागरिकता प्रमाणित नभएका र अवैध रूपमा बसोबास गरेको ठहर गरिएका व्यक्तिहरूलाई सीमापार फिर्ता पठाउने प्रक्रिया सुरु गरिएको बताउनुभयो । उहाँले राज्यका सबै जिल्लामा होल्डिङ सेन्टर स्थापना गरिएको उल्लेख गर्दै कानूनी दायरामा नपर्ने व्यक्तिहरूमाथि कारबाही अघि बढाइएको जानकारी दिनुभयो । भारतले मुस्लिम बहुल बङ्गलादेशसँग लामो र खुला सीमाना साझा गर्दै आएको छ, जहाँ आर्थिक अवसर, पारिवारिक सम्बन्ध र अन्य सामाजिक कारणले लामो समयदेखि आवतजावत हुने गरेको छ । यही पृष्ठभूमिमा अवैध आप्रवासनबारे राजनीतिक बहस पनि चर्किँदै आएको छ ।

सरकारी अधिकारीहरूले आप्रवासीहरूलाई 'घुसपैठिया' र 'धमिरा' जस्ता शब्द प्रयोग गर्दै कडा धारणा व्यक्त गरेको आरोप आलोचकहरूले लगाएका छन् । विपक्षी तथा अधिकार समूहहरूले भने यस्तो भाषाशैलीले भारतका २० करोडभन्दा बढी मुस्लिम समुदायलाई अझ सीमान्तकरण गर्ने चिन्ता व्यक्त गरेका छन् ।

मानव अधिकार सङ्गठनहरूले यसअघि पनि भारतले उचित कानूनी प्रक्रिया बिना बङ्गाली भाषी मुस्लिम तथा शरणार्थीहरूलाई बङ्गलादेश पठाएको आरोप लगाउँदै आएका छन् । उनीहरूले यस प्रकारका सामूहिक निर्वासनले कानूनी अधिकार र मानव अधिकार उल्लङ्घन हुन सक्ने चेतावनी दिएका छन् ।

सन् २०२४ मा ढाकामा भएको राजनीतिक परिवर्तनपछि भारत-बङ्गलादेश सम्बन्धमा केही उतारचढाव देखिएको थियो । त्यसपछि फेब्रुअरीमा बङ्गलादेशमा नयाँ सरकार गठन भएपछि दुवै देशबीच कूटनीतिक सम्बन्ध विस्तारै सुधार हुँदै गएको बताइन्छ ।

यसैबीच, सीमा सुरक्षा बल र बङ्गंगलादेशका उच्च अधिकारीहरू सोमबार नयाँदिल्लीमा भेट्ने कार्यक्रम रहेको छ, जसले सीमा व्यवस्थापन र आप्रवासन नियन्त्रणका विषयमा थप समन्वय हुने अपेक्षा गरिएको छ ।

# इरानलाई आणविक हतियारबाट रोक्न कारबाही आवश्यक थियो : राष्ट्रपति ट्रम्प



रासस/एएफपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्ध जारी सैन्य अभियानले आफ्नो चुनावी प्रतिबद्धता उल्लंघन नगरेको बताउनुभएको छ । एक टेलिभिजन अन्तर्वार्तामा बोल्दै उहाँले आफूले चुनावी अभियानका क्रममा नयाँ युद्ध सुरु नहुने विषयमा पूर्ण ग्यारेन्टी नदिएको स्पष्ट पार्नुभयो ।

राष्ट्रपति ट्रम्पले आफू शान्ति र स्थायित्वको पक्षमा रहेको उल्लेख गर्दै इरानसँगको वर्तमान द्वन्द्वलाई 'अन्तहीन युद्ध' को रूपमा नहेर्न आग्रह गर्नुभयो । उहाँका अनुसार यो अभियान सीमित उद्देश्यका लागि सञ्चालन गरिएको हो र यसको मुख्य लक्ष्य इरानलाई आणविक हतियार विकास गर्नबाट रोक्नु रहेको छ ।

अन्तर्वार्ताका क्रममा ट्रम्पले भन्नुभयो,"मैले युद्ध कहिल्यै नहुने निश्चित वाचा गरेको थिइनँ । विश्वको सबैभन्दा शक्तिशाली सैन्य शक्ति निर्माण गर्नुको उद्देश्य नै आवश्यक परे देशको सुरक्षा सुनिश्चित गर्नु हो ।"

सन् २०२४ को अमेरिकी राष्ट्रपतीय चुनाव अभियानमा ट्रम्पले आफूलाई नयाँ युद्धबाट टाढा रहने तथा अन्तर्राष्ट्रिय द्वन्द्वहरूलाई नियन्त्रणमा राख्ने नेताका रूपमा प्रस्तुत गर्नुभएको थियो । तर इरानसँगको युद्ध सुरु भएपछि उहाँका आलोचकहरूले उक्त अभियानका प्रतिबद्धता र वर्तमान नीतिबीच विरोधाभास रहेको टिप्पणी गर्दै आएका छन् ।

यद्यपि राष्ट्रपति ट्रम्पले आलोचनालाई अस्वीकार गर्दै इरानसँगको संघर्षलाई राष्ट्रिय सुरक्षासँग जोडिएको आवश्यक कदमको रूपमा व्याख्या गर्नुभयो ।

## रसुवागढी नाकाबाट ४० अर्बभन्दा बढीको आयात

रसुवा । नेपाल र चीनबीच व्यापारिक सम्बन्धको प्रमुख प्रवेशद्वार रसुवागढी नाकाबाट चालु आर्थिक वर्षमा रु ४० अर्बभन्दा बढी मूल्यको सामान आयात भएको छ ।

रसुवा भन्सार कार्यालयका निमित्त प्रमुख भरतसिंह विकका अनुसार चालु आर्थिक वर्षको साउन महिनादेखि हालसम्म यस नाकाबाट ४० अर्ब १० करोड रुपैयाँ बराबरका चिनियाँ वस्तु नेपाल भित्रिएका छन् ।

यस नाकाबाट खासगरी सामग्रीमा तयारी पोसाक, जुत्ता-चप्पल, रोलकपडा, विद्युतीय सामग्री, ओखर, स्याउ, लसुन, अदुवा, थर्मस, हाइड्रोपावरका उपकरण तथा विद्युतीय सवार ीसाधनलगायत वस्तु आयात हुँदै आएको उहाँले जानकारी दिनुभयो ।

रसुवागढी नाका प्राचीनकालदेखि नै नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतबीचको व्यापारिक मार्गका रूपमा परिचित रहँदै आएको छ । लिच्छवी तथा मल्लकालदेखि नै व्यापारीले यही मार्ग प्रयोग गरी नुन, ऊन, जडीबुटी तथा अन्य सामग्रीको कारोबार गर्ने गरेको इतिहास छ । आधुनिक सडक सञ्जाल विस्तारसँगै रसुवागढी नाका अन्तरराष्ट्रिय व्यापारको महत्वपूर्ण केन्द्र बनेको हो ।

भन्सार कार्यालयका अनुसार यस अवधिमा नेपालबाट भने करिब रु ९० करोड मूल्य बराबरका वस्तु निर्यात भएको छ ।

उक्त नाकाबाट हुने आयात तथा निर्यातबाट चालु आर्थिक बर्षको हालसम्म रु १० अर्ब ८० करोड राजस्व सङ्कलन भएको निमित्त प्रमुख विकले जानकारी दिनुभयो ।रासस

## एनसेलका ग्राहकहरूलाई अल्टिमा ग्याजेटहरूमा ६० प्रतिशतसम्म छुट



काठमाण्डु । एनसेलका सबै ग्राहकहरूले अब अल्टिमा लाइफस्टाइलका विभिन्न सामग्रीहरुको खरिदमा ६० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्छन् । एनसेल र अल्टिमा लाइफस्टाइलबीच भएको साझेदारीसँगै एनसेल ग्राहकहरूले अल्टिमाका विभिन्न ग्याजेटहरूमा छुट प्राप्त गर्ने भएका हुन् ।

यो अफरका लागि एनसेलका चिफ कन्जुमर बिजनेस अफिसर उपांग दत्ता र अल्टिमा लाइफस्टाइलका प्रमुख कार्यकारी अधिकृत अमित अग्रवालले सम्झौतामा हस्ताक्षर गरेका छन् ।


९९ वा सोभन्दा माथिको सक्रिय डेटा, भ्वाइस वा कम्बो प्याक उपभोग गरिरहेका एनसेलका प्रिपेड ग्राहक र रेन्टल प्लान सक्रिय रहेका पोस्टपेड ग्राहकहरू यो छुट योजनाका लागि योग्य हुन्छन् । यस योजना अन्तर्गत खरिद गरिने कुनै पनि सामानको डेलिभरी नेपालभर हुने व्यवस्था अल्टिमा लाइफस्टाइले गरेको छ ।

एनसेल एपबाट मात्र सञ्चालनमा ल्याईएको यो योजना अन्तर्गत एनसेल ग्राहकहरूले अल्टिमाको लाइफस्टाइलका साउन्ड बार, स्पिकर, वायरलेस एअर बड, स्मार्टवाच, पावर ब्याङ्क लगायतका ग्याजेटहरूमा विशेष छुट प्राप्त गर्न सक्छन् ।

यो योजनाको लाभ उठाउन ग्राहकहरूले आफ्नो मोबाइलमा रहेको एनसेल एप खोलेर पार्टनर्ड सर्भिसेसमा गई अल्टिमा लाइफस्टाइल छान्नु पर्दछ । प्रयोगकर्ताको नाममा दर्ता भएको मोबाइल नम्बर मार्फत स्वतः योग्यता जाँच हुन्छ र ग्राहकले छुट सहितको तिर्नुपर्ने मूल्य एनसेल एपमै देखिन्छ । "हामी हाम्रा ग्राहकहरूलाई अल्टिमा ग्याजेटहरूमा ६०% सम्म छुट प्रदान गर्ने योजना सञ्चालनमा ल्याउन पाएकोमा उत्साहित छौं," एनसेलका चीफ कन्ज्युमर बिजनेस अफिसर उपाङ्ग दत्ताले भने। "अल्टिमा लाइफस्टाइलसँगको यो सहकार्यले हाम्रा ग्राहकहरूको डिजिटल जीवनशैलीलाई अझ समृद्ध बनाउन मद्दत गर्दछ ।"

यो योजनाको लाभ उठाउन योग्य नभएका ग्राहकहरूले रु ९९ वा सोभन्दा माथिको कुनै पनि प्याक खरिद गर्न सक्छन् र आफ्नो आवश्यकता अनुरुपमका ग्याजेट विषेश छुटमा लिन सक्छन् । योजनाका लागि योग्य रहेको प्याक वा रेन्टल प्लान सक्रिय रहेको अवधिभर यो छुटलाई ग्राहकहरूले पटक-पटक उपयोग गर्न सक्छन् ।

# साउनदेखि नागढुंगा–नौबिसे सुरुङमार्ग सञ्चालनमा आउँदै



काठमाण्डु । नेपालको पहिलो व्यावसायिक सुरुङमार्ग 'नागढुंगा-सिस्नेखोला सुरुङमार्ग' आगामी साउनदेखि सञ्चालन गर्ने गरी तयारी भइरहेको छ ।

नागढुङ्गा-सिस्नेखोला सुरुङमार्ग आयोजनाका प्रमुख सौजन्य नेपालका अनुसार आवश्यक तयारी गरेर आगामी साउनको तेस्रो सातासम्म सुरुङमार्ग सञ्चालनमा ल्याउने तयारी गरिएको छ । हाल सुरुङमार्ग भएर आवतजावत गर्ने सवारीसाधनसँग शुल्क उठाउने कम्पनीसँग सम्झौता भई तालिमसहित प्राविधिक काम भइरहेका उहाँले जानकारी दिनुभयो ।

"सुरुङमार्ग सञ्चालनका लागि तयारीको सबै काम भइरहेका छन् । हामी सकेसम्म साउनभित्रै आयोजना सञ्चालनमा ल्याउने गरी काम गरिरहेका छौं", आयोजना प्रमुख नेपालले भन्नुभयो । सुरुङमार्गभित्र उद्धार प्रयोजनका लागि केकस्ता काम गर्ने, आपतकालिन अवस्थामा के गर्ने तथा 'लाइट' एवं 'भेन्टिलेसन' को अवस्था केकस्तो छ भनेर टोल शुल्क उठाउने कम्पनीले आवश्यक तयारी गरिरहेको उहाँले बताउनुभयो ।

चौबिसै घण्टा सुरुङ सञ्चालनमा लागि १५० जना कर्मचारी भर्ना गरिएको छ । ती कर्मचारीलाई सिफ्टका आधारमा परिचालन गरिनेछ । राष्ट्रियसभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको आजको बैठकमा आयोजना प्रमुख नेपालले आयोजनाको कूल भौतिक प्रगति ९९ दशमलव पाँच प्रतिशत र वित्तीय प्रगति ९६ प्रतिशत रहेको जानकारी दिनुभयो ।

सुरुङमार्ग सञ्चालन तथा व्यवस्थापनका लागि आयोजना र सेवा प्रदायक युसिन-एआरटी जेभीबीच यसअघि औपचारिक सम्झौता भइसकेको छ । सेवा प्रदायक कम्पनीले आगामी पाँच वर्षसम्म सुरुङमार्ग सञ्चालन तथा मर्मतको औपचारिक रूपमा जिम्मा पाएको हो । सुरुङमार्गको सञ्चालन र मर्मतसम्भारको जिम्मा पाएको सेवा प्रदायकले सिभिल संरचना, मेकानिकल, इलेक्ट्रिकल र सुरुङभित्रका सुरक्षा प्रणालीको नियमित रेखदेख र मर्मत गर्नुपर्नेछ ।

सुरुङमार्ग सञ्चालनमा आएपछि लामो र घुमारो बाटोबाट थोरै भए पनि यात्रु तथा मालवहाक सवारीसाधनले मुक्ति पाउनेछन् । सो आयोजनाको मुख्य सुरुङमार्गको लम्बाइ दुई हजार ६८८ मिटर रहेको आयोजना कार्यालयले जनाएको छ । आपत्कालीन सुरुङको लम्बाई दुई हजार ५५७ मिटर रहेको आयोजना प्रमुख नेपालले जानकारी दिनुभयो । उहाँका अनुसार दैनिक आठ हजार सवारीसाधन सुरुङमार्ग भएर आवतजावत गर्ने अनुमान गरिएको छ ।

दैनिक आठ हजार सवारीसाधन सुरुङमार्ग भएर आवतजावत गरेमा वार्षिक रु ३५ करोड बराबरको टोल शुल्क उठ्नेछ । वार्षिक रु २२ करोड रकम सेवा प्रदायकलाई उपलब्ध गराउनुपर्नेछ । त्यो भनेको पाँच वर्षका लागि रु एक अर्ब १० करोड बराबर हो । शुल्क उठाउनका लागि विशेष प्राविधिक उपकरण जडान गरिएको छ । सो रकम सडक बोर्ड नेपालको खातामा जम्मा हुनेछ । सेवा प्रदायकलाई भने सरकारले उपलब्ध गराउने छ ।

समितिको आजको बैठकमा सांसदहरू गोपाल बस्नेत, मदनकुमारी शाह (गरिमा), रञ्जित कर्ण, चन्द्रबहादुर केसी, पदम परियार, युवराज शर्मा, मीनासिंह रखाल, रुक्मिणी कोइराला, सुनिल थापा, गोमादेवी तिमिल्सिना, सोमनाथ पोर्तेल, नरबहादुर विष्टले सुरुङमार्गको समग्र अवस्थाका बारेमा चासो राख्दै सञ्चालनमा भइरहेको ढिलाइप्रति आपत्ति प्रकट गर्नुभयो ।

उहाँहरूले समितिकोतर्फबाट सरकारलाई निर्देशन दिनुपर्ने भए आफूहरू तयार रहेको उल्लेख गर्दै निर्माण सम्पन्न भइसकेको आयोजना सञ्चालनमा ढिलाइ नगर्न सुझाव दिनुभयो ।

सुरुङमार्ग निर्माणका क्रममा सिकेको सीप अन्य आयोजनामा पनि प्रयोग गर्नेगरी आवश्यक तयारी गर्न, दक्ष तथा अर्धदक्ष श्रमिकलाई उनीहरूको सीप र क्षमताको कदर गर्नसमेत सांसदहरूले माग गर्नुभयो ।रासस

## "भारततर्फ सबैभन्दा बढी निकासीगर्ने उद्योग" पुरस्कार प्रदान




काठमाण्डु । लिटमस इन्डस्ट्रिज लिमिटेडले नेपालउद्योग परिसंघ (सिएनआई) को २३औं वार्षिक साधारण सभामा 'भारततर्फ सबैभन्दा बढी निकासीगर्ने उद्योग'विधाअन्तर्गत सम्मानप्राप्त गरेको छ । उक्त सम्मानसिएनआईका सदस्य उद्योगहरूमध्ये भारततर्फ सर्वाधिक निकासी गर्ने उद्योगका रूपमा लिटमस् इन्डस्ट्रिज लिमिटेडलाई प्रदानगरिएको हो । यो उपलब्धिले

> **नेपालमा एल्युमिनियम तथा एल्युमिनियम अलोय (एएल) रड उत्पादन गर्ने एकमात्र उद्योगका रूपमा यसले विशिष्ट पहिचान स्थापित गरेको छ ।**

गुणस्तर, नवप्रवर्तन तथा उत्पादनउत्कृष्टताप्रति लिटमस् को निरन्तर प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ । नेपालको औद्योगिक क्षमतालाई थप सुदृढ बनाउँदै, निर्यातको दायरा विस्तार गर्दै तथा राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने लिटमस्को प्रयासलाई यस सम्मानले थप पुष्टि गरेको छ ।

लिटमस् इन्डस्ट्रिज लिमिटेड नेपालको सबैभन्दा ठूलो तार, केबल तथा कन्डक्टर उत्पादकउद्योग हो । साथै, नेपालमा एल्युमिनियम तथा एल्युमिनियम अलोय (एएल) रड उत्पादन गर्ने एकमात्र उद्योगका रूपमा यसले विशिष्ट पहिचान स्थापित गरेको छ । गुणस्तर, नवप्रवर्तन तथा विश्वस्तरीय उत्पादन मापदण्डप्रतिको प्रतिबद्धताका साथ लिटमस्ले नेपालको औद्योगिक विकासलाई सशक्त बनाउँदै क्षेत्रीय बजारमा नेपाली उत्पादनको प्रतिस्पर्धात्मक उपस्थितिलाई थप मजबुत बनाएको छ । कम्पनीका उत्पादनहरूले देशभित्रका महत्वपूर्ण पूर्वाधार तथा ऊर्जा परियोजनाहरूको आवश्यकता पूरा गर्नुका साथै नेपालको औद्योगिक निर्यात पोर्टफोलियोमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् ।

निर्यात उपलब्धिभन्दा पर लिटमस् इन्डस्ट्रिजले नेपालको समग्र औद्योगिक विकासमा पनि उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ । कम्पनीले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा हजारौं रोजगारी सिर्जना गरेको छ, आयात प्रतिस्थापनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ तथा आपूर्ति शृंखलाभित्र रहेका सहायक उद्योगहरूको विकासमा समेत टेवा पुऱ्याएको छ ।

उत्पादन क्षमता विस्तार, अत्याधुनिक प्रविधिको उपयोग तथा दक्ष जनशक्ति विकासमा गरिएको निरन्तर लगानीमार्फत कम्पनीले नेपालको दीर्घकालीन आर्थिक समृद्धिमा योगदान गर्दै आएको छ ।

यस अवसरमा लिटमस इन्डस्ट्रिज लिमिटेडका मुख्य सञ्चालन अधिकृत (सीओओ) प्रकाश काफ्लेले भन्नुभयो, "नेपाल उद्योग परिसंघद्वारा प्राप्त यो सम्मान गुणस्तर, नवप्रवर्तन तथा उत्कृष्टताप्रतिको हाम्रो प्रतिबद्धताको महत्वपूर्ण कदर हो । यो उपलब्धि लिटमस परिवारका सम्पूर्ण सदस्यहरूको अथक मेहनत, समर्पण र प्रतिबद्धताको परिणाम हो । यस सम्मानका लागि हामी नेपाल उद्योग परिसंघप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०२/२६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**
**२०८३/०३/०१ गते/स्थान : सम्बन्धित शाखा कार्यालय**

**बोलपत्र खोलिने मिति/समय**
**२०८३/०३/०३ गते, बुधबार दिनको ३ बजे**

**क्र.सं. शाखा कार्यालय : चपुर, रौतहट**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : श्री युनिक राईस मिल**
प्रदेश सरकार (प्रदेश नं. २) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौर
कम्पनि रजिष्ट्रेशन नं. ८३३९/६३६/१७९/४६ दर्ता मिति : २०७७/०८/२५
प्यान नं. ६१४४७०००६, जारी मिति : २०७७/०८/२८
रजिष्टर्ड ठेगाना : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा न. ८
**प्रोप्राइटर : सरीता कुमारी महतो**

**जमानतकर्ताको विवरण**

**१. नाम : सरीता कुमारी महतो**
ना.प्र.प.नं. ३२२०७७/२२७२, जि.प्र.का. रौतहट
जारी मिति : २०७३/११/११
पतिको नाम : धर्मेन्द्र महतो
ससुराको नाम : सन्तलाल महतो
ठेगाना : रौतहट जिल्ला, गम्हरिया विर्ता वडा नं. ९
हाल : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ८

**२. नाम : धर्मेन्द्र महतो**
ना.प्र.प.नं. ३२२०७७-२९९४, जि.प्र.का. रौतहट
जारी मिति : २०६७/०३/२१
बाबुको नाम : सन्तलाल महतो
बाजे : हरीहर महतो कोईरी
ठेगाना : रौतहट जिल्ला, गम्हरिया विर्ता वडा नं. ९
हाल : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ८

**३. नाम : सन्तलाल महतो**
ना.प्र.प.नं. ३२/९४३१, जि.प्र.का. रौतहट, जारी मिति : २०४५/०२/३०
बाबुको नाम : हरीहर महतो कोईरी, बाजेको नाम : लछुमन महतो कोईरी
ठेगाना : रौतहट जिल्ला, गम्हरिया विर्ता वडा नं. ९, हाल : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ८

**धितो धनी तथा धितोको विवरण**

१. धर्मेन्द्र महतोको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, गम्हरिया विर्ता वडा नं. ९ स्थित कित्ता नं. १३ को क्षेत्रफल क्रमशः ०-७-० रोपनीको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. सन्तलाल महतोको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, गम्हरिया विर्ता वडा नं. ९ स्थित कित्ता नं. १११० को क्षेत्रफल क्रमशः ०-६-० रोपनीको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**क्र.सं. शाखा कार्यालय : बर्दिबास, महोत्तरी**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : सिभिल हार्डवयर एण्ड सप्लायर्स**
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय जनकपुर, धनुषा
प्रा.फ.र.नं. १९५८०/१५०६/२०७८/०७९, दर्ता मिति : २०७८/११/१६, पान नं. १२१४५१४३३, दर्ता मिति : २०७८/११/२२
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४, **प्रोप्राइटर : पुरुषोतम राउत**

**नाम : जोय एग्रीकल्चर फार्म प्रा.लि.**
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं
दर्ता नं. २६४९९०/०७८/०७९, दर्ता मिति : २०७८/०४/०५, पान नं. ६१००२७२७५, दर्ता मिति : २०७८/०४/०५
ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२, **संचालक तथा शेयरधनि : पुरुषोतम राउत**

**जमानतकर्ताको विवरण**

**१. नाम : पुरुषोतम राउत**
ना.प्र.नं. १८३००२५५८, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६३/११/३०
बाबुको नाम : मदन राउत, बाजेको नाम : केदार राउत
ठेगाना : महोत्तरी जिल्ला, नैन्ही वडा नं. ७
हाल : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२

**२. नाम : रतन ठाकुर**
ना.प्र.नं. १७११०२/२९४, जि.प्र.का. धनुषा
जारी मिति : २०६५/०२/०९
बाबुको नाम : श्याम ठाकुर हजाम
बाजेको नाम : श्वहर ठाकुर
ठेगाना : धनुषा जिल्ला, जनकपुर वडा नं. १६

**३. नाम : रिता कुमारी राय**
ना.प्र.नं. १८-०१-७७-०५७९२, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७७/१०/०६
पतिको नाम : पुरुषोतम राउत, ससुराको नाम : मदन राउत
ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२

**धितोको विवरण**

पुरुषोतम राउतको नाममा मालपोत कार्यालय हरीवन सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हरीपुर वडा नं. ९ ख स्थित कित्ता नं. ११२ र ३५० को क्षेत्रफल क्रमशः २-५-०-० र ०-१७-५-० (बि.क.धु.क.) तथा सर्लाही जिल्ला, हरीपुर वडा नं. ९ घ स्थित कित्ता नं. ११३६ को क्षेत्रफल ०-०-१७-० (बि.क.धु.क.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. ऋणीको नाम, ठेगाना**

२. **नाम : आईशा सेल्स ट्रेडिङ प्रा.लि.**
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं
दर्ता नं. २५६०९९/०७७/०७८, दर्ता मिति : २०७७/११/०४, पान नं. ६०९९३८००५, दर्ता मिति : २०७७/११/०४
ठेगाना : धनुषा जिल्ला, क्षिरेश्वरनाथ वडा नं. ५, महेन्द्रनगर
**संचालक : श्याम सुन्दर महतो**

**जमानतकर्ताको विवरण**

**१. नाम : श्याम सुन्दर महतो**
ना.प्र.नं. १७३०८७/६०३, जि.प्र.का. धनुषा
जारी मिति : २०६३/११/२९
बाबुको नाम : नबल किशोर महतो
बाजेको नाम : राम नारायण महतो
ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८

**२. नाम : सुनिता सिंह**
ना.प्र.नं. १७३०७८७/९०८, जि.प्र.का. धनुषा
जारी मिति : २०६३/१२/०१
पतिको नाम : श्याम सुन्दर महतो
ससुराको नाम : नबल किशोर महतो
ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८

**३. नाम : नबल किशोर महतो**
ना.प्र.नं. १७३०८७/४५६, जि.प्र.का. धनुषा
जारी मिति : २०६३/११/२८
बाबुको नाम : राम नारायण महतो
बाजेको नाम : बशंराज महतो
ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८

**४. नाम : रेखा कुमारी महतो**
ना.प्र.नं. १७३०८७/९०६, जि.प्र.का. धनुषा
जारी मिति : २०६३/१२/०१
पतिको नाम : राम पुकार महतो
ससुराको नाम : नवल किशोर महतो
ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८

**५. नाम : शोभा कुमारी**
ना.प्र.नं. १७-०१-७७-०१७७४, जि.प्र.का. धनुषा
जारी मिति : २०७७/०६/०९
पतिको नाम : राम मनोज महतो
ससुराको नाम : नवल किशोर महतो
ठेगाना : धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. ५

**६. नाम : राम कुमारी देवी कोइरीन**
ना.प्र.नं. १०९८३-८२८८११२७, जि.प्र.का. धनुषा
जारी मिति : २०३४/०६/१८
पतिको नाम : नवल किशोर महतो
ससुराको नाम : राम नारायण महतो
ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८

**७. नाम : राम पुकार महतो**
ना.प्र.नं. १७३०८७/६१८, जि.प्र.का. धनुषा
जारी मिति : २०६३/११/२९
बाबुको नाम : नबल किशोर महतो
बाजेको नाम : राम नारायण महतो
ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८

**८. नाम : राम मनोज महतो**
ना.प्र.नं. १७३०८७/६१३, जि.प्र.का. धनुषा
जारी मिति : २०६३/११/२९
बाबुको नाम : नबल किशोर महतो
बाजेको नाम : राम नारायण महतो
ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८

**धितोको विवरण**

१. आईशा सेल्स ट्रेडिङ्गको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, शान्तिपुर गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ८२२ र ५४७ को क्षेत्रफल क्रमशः ०-०-११-४ र ०-३-६-८ विगाहा, धनुषा जिल्ला, शान्तिपुर गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ७९४ को क्षेत्रफल १-३-१३-० विगाहा तथा धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १६ स्थिल कित्ता नं. २९५ र ३४० को क्षेत्रफल क्रमशः ८४.६५ र २२५.६५ वर्गमिटर भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. राम मनोज महतोको नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला, बडहरामाल गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. १९५ को क्षेत्रफल ०-४-१६-० विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
३. नबल किशोर महतोको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, शान्तिपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९६३, ३९३, ९५८ र ९६० को क्षेत्रफल क्रमशः ०-१-१०-०, ०-१-११-०, ०-०-११-४ र ०-३-०-० विगाहा, धनुषा जिल्ला, शान्तिपुर गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ९६४ को क्षेत्रफल ०-१-१०-० विगाहा, धनुषा जिल्ला, दिगम्बरपुर गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. २३१ को क्षेत्रफल ०-१३-०-० विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
४. राम पुकार महतोको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, नकटाझिझ गा.वि.स. वडा नं. १ ख स्थित कित्ता नं. ४८१ को क्षेत्रफल ०-९-१५-८ विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
*More than a Bank*
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
चपुर, रौतहट, फोन नं. ०५५-५४०७५८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# प्रतिपक्षीको अवरोधले बजेट प्रभावित

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिपक्षी दलको अवरोधका कारण आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरिएको मधेश प्रदेशको नीति तथा कार्यक्रममाथिको छलफल दुई सातादेखि ठप्प रहेको छ ।

प्रतिपक्ष दलहरूको निरन्तर अवरोधका कारण प्रदेशसभा बैठक सञ्चालन हुन नसक्दा नीति तथा कार्यक्रममाथिको संसदीय बहस नै अनिश्चित बनेको हो। गत जेठ १९ गते निती तथा कार्यक्रममाथि छलफलको दोस्रो दिनको बैठकमा विपक्षी दलहरू जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले संयुक्त रूपमा बैठक अवरुद्ध गरेपछि छलफल स्थगित भएको हो। त्यसयता प्रदेशसभाको कार्यसूची नियमित रूपमा अघि बढ्न सकेको छैन।

विपक्षी दलहरूले सरकारमाथि प्रदेशसभालाई छलेर दुईवटा आयोगमा सदस्य नियुक्त गरेको आरोप लगाउँदै आएका छन् । उनीहरूको दाबीअनुसार जनलोकपाल आयोग र प्रदेश लोकसेवा आयोगमा गरिएको नियुक्ति संवैधानिक तथा संसदीय प्रक्रियाविपरीत भएको हो ।

जेठ १२ गते प्रदेश सरकारले महोत्तरीको औरही नगरपालिका-७ का सञ्जीवकुमार झा र सोही नगरपालिकाकी सुजाता विमललाई जनलोकपाल आयोगको सदस्यमा नियुक्त गरेको थियो । त्यस्तै, धनुषाकी सबैला नगरपालिका-३ की विमला यादवलाई प्रदेश लोकसेवा आयोगको सदस्यमा नियुक्त गरिएको थियो ।

विपक्षी दलहरूको आरोप अनुसार आयोग सदस्य नियुक्ति प्रक्रिया सञ्चालन गर्दा आवश्यक तीन सदस्यीय समितिमा प्रदेशसभाका सभामुख र विपक्षी दलका नेतासहित मुख्यमन्त्री रहने प्रावधान भए पनि सभामुखलाई जानकारी नै नदिई नियुक्त गरिएकाले तत्काल खारेजको माग गर्दै आएका छन् ।

निती तथा कार्यक्रम नै पारित नभएपछि आउंदो असार १ गते प्रस्तुत गरिने बजेट समेत प्रभावित हुन जाने सम्भावना बढेको छ । प्रतिपक्षी दलहरुको मागप्रति सत्तारुढ दल र सरकार खासै चासो नलिएको कारण निती तथा कार्यक्रममाथिको छलफल लम्बिदै गएको हो ।

विवादको अर्को महत्वपूर्ण पक्ष प्रदेशसभा सदस्यका स्वकीय सचिवहरूको तलब रोकिएको विषय पनि बनेको छ । करिब १० महिनादेखि तलब वितरण नभएको भन्दै सांसदहरूले असन्तुष्टि जनाउँदै आएका छन् ।

तत्कालीन संघीय सरकारको निर्णयपछि स्वकीय सचिव हटाउने नीतिगत परिवर्तनका कारण तलब रोकिएको बताइन्छ । यद्यपि, अधिकांश पक्ष सहमत भए पनि प्रदेशसभा सचिवालयले उक्त भुक्तानी प्रक्रिया अघि नबढाएको जनाइएको छ । राजनीतिक सहमति नजुटेसम्म मधेश प्रदेशसभामा विधायिकी प्रक्रिया अघि बढ्ने सम्भावना न्यून देखिन्छ ।

# रास्वपाको जिल्ला नेतृत्व चयनमा विवादैविवाद

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा विवाद झेलिरहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को जिल्ला अधिवेशन अघि बढने प्रक्रिया शुरु भएपनि पुनः अवरुद्ध भएको छ ।

प्रदेशका कुनैपनि जिल्लाका पूर्ण रुपमा पालिकास्तरीय नगर अधिवेशन सम्पन्न नसकेपनि ३० प्रतिशतसम्म नगर अधिवेशन सम्पन्न भएको अवस्थामा जिल्ला अधिवेशन गर्न पाउने केन्द्रिय निर्वाचन समितिको परिपत्र अनुसार जिल्ला अधिवेशन प्रक्रिया अघि बढाइएको हो ।

मधेश प्रदेशका पर्सा, रौतहट, सिरहा, सप्तरीसहितका चार जिल्लामा उदघाटन सत्र सम्पन्न भई सर्वसहमतिबाट खोज्ने प्रयास गर्दा गरिएको थियो । पर्सा र सिरहा जिल्लामा सोमवार नै निर्वाचन प्रक्रियामा जाने भनी उम्मेदवारी दर्तापछि मतदान प्रक्रियाको क्रममा विवाद भई पुनः अधिवेशन रोकिन गएको छ ।

पर्सा जिल्लामा निर्वाचनको सबै प्रक्रिया पुरा भई मतदानकै क्रममा लेबी विवादले गर्दा मतदान प्रक्रिया अवरुद्ध भएको जनाइएको छ । निर्वाचन अधिकृत डा. नन्दन यादवले प्रतिनिधिले लेबी नतिरेको विवादले मतदान प्रक्रिया अवरुद्ध भएको बताएका छन् । जिल्ला सहसचिव कृष्ण पासवानले समायोजन भएर आएका प्रतिनिधि मध्येले लेबी रकम नतिरेको भनी कुरा उठेपछि विवाद भई मतदान प्रक्रिया अहिले अवरुद्ध भएको र छलफलपछि प्रक्रिया अघि बढाइनेछ ।

पर्सा जिल्लामा सभापति पदका सुशिल साह कानु र वर्तमान सभापति बुद्धिप्रसाद पन्तले उम्मेदवारी दिएका छन् । पर्सा जिल्लाको १४ पालिका मध्ये ६ वटामा मात्रै नगर अधिवेशन सम्पन्न भएपनि केन्द्रिय निर्वाचन समितिको परिपत्र अनुसार ३० प्रतिशत नगर अधिवेशन सम्पन्न भएमा पनि जिल्ला अधिवेशन गर्न पाउने प्रावधान अन्तर्गत जिल्ला अधिवेशन हुन लागेको हो ।



जिल्लाको जगरनाथ गाउँपालिका, पटेर्वा सुगौली गाउँपालिका, ठोरी गाउँपालिका, बिन्दवासिनी गाउँपालिका, छिपहरमाई गाउँपालिका र पर्सागढी नगरपालिका नगरअधिवेशन हुन बांकी छ ।

यता सिरहा जिल्लामा समेत उद्घाटन सत्र सम्पन्न मंगलवार निर्वाचन प्रक्रियामा जाने भनी तया भइसकेको अवस्थामा प्रतिनिधि सभा सांसदहरुले कार्यसमिति चयन गरी दिएको नामावलीमा सहमति खोज्न प्रयास गर्दा विवाद उत्पन्न भई झडप भएको बताइएको छ ।

सांसद पुरुषोत्तम यादवका उम्मेदवार रामसोगारथ यादव नेतृत्वको कार्यसमितिमा सहमति गर्न भनेपछि विवाद उत्पन्न भएको बताइएको छ । सभापतिका लागि वर्तमान तदर्थ समितिका सभापति हरिप्रसाद मैनाली, तपेश्वर यादवका उम्मेदवार सुभाष यादव र रामसोगरथ यादवले उम्मेदवारी दर्ता गराएका छन् ।

पुरुषोत्तम यादवको पक्षमा सांसद शिव यादव र बब्लु गुप्ता पनि सहमति जनाइसकेको छ भने मधेश प्रदेशका सभापति समेत रहेका तपेश्वर यादवको पक्षमा सांसद शम्भु यादव रहेका छन् । पुरुषोत्तम यादव पक्षधर रामसोगारथ यादवको नाममा सहमति दबाव दिइरहेका छन भने तपेश्वर यादव र हरिप्रसाद मैनाली पक्षधर लोकतान्त्रिक प्रक्रिया अनुसार निर्वाचनबाट कार्यसमिति चयन गर्नुपर्ने अडानमा रहेका छन् ।

झडपको क्रममा पार्टीको ऱ्याट एक्सन टिमकै जिल्ला प्रमुख दिनेश थापालगायत केही व्यक्तिमाथि हातपात भएको बताइएको छ । झडपका कारण निर्वाचन प्रक्रिया मंगलबार बिहान ९ सम्मका लागि स्थगित गरिएको छ ।

सप्तरीमा उद्घाटन सत्र सम्पन्न भई सर्वसहमतिबाट कार्यसमिति चयन गर्ने विषयमा छलफल जारी रहेको छ । सर्वसहमति नजुटेपछि निर्वाचन प्रक्रियाबाट नेतृत्व चयन गरिने बताइएको निर्वाचन अधिकृत डा. विमल तिवारीले जानकारी दिएका छन् । सप्तरी जिल्लामा वर्तमान सभापति डम्बर नारायण साह, सदानन्द दास, उपेन्द्र साह, अमरेन्द्र यादव, अनिल यादव र ममता चौधरी लगायतका ८ जना नयाँ नेतृत्वका लागि आकांक्षी रहेका छन् ।

रौतहटमा प्रतिनिधि सभा सांसदहरुको कारण अधिवेशनको जारी निर्वाचन प्रक्रिया स्थगित गरिएको छ । सांसदहरु राजेश चौधरी, रविन्द्र पटेल, गणेश पौडेल र गजला समीम मिकरानीसहित संगठन विभाग सदस्य उदय नारायण सापकोटा, लगायतका व्यक्तिहरुले सुरक्षाको कारण देखाउँदै निर्वाचन आयोगलाई तत्कालिन निर्वाचन रोक्न भनी दिएको निवेदनको आधारमा हाललाई स्थगित गरिएको छ । हुनत प्रक्रिया अघि बढाउन छलफल जारी रहेको बताइएको छ ।

धनुषा र बारा जिल्लामा भोली मंगलवारबाट अधिवेशन प्रक्रिया शुरु हुनेछ । उद्घाटन सत्र सम्पन्नपछि बन्द सत्रमा जानेछ । नयाँ नेतृत्व चयनका उद्घाटन सत्र सम्पन्नपछि सर्वसहमति खोज्ने प्रयास गरिन्छ । सहमति नजुटेपछि मतदान प्रक्रियामा जानेछ । धनुषाबाट वर्तमान सभापति लक्ष्मेश्वर यादव, अम्भु प्रसाद साह र सरोज पुर्वे नयाँ नेतृत्वका लागि आकांक्षी छन् ।

धनुषाको १८ स्थानीय तह मध्ये चारवटामा विवाद रहेको थियो । ती नगराईन नगरपालिका, हंसपुर नगरपालिका र धनुषाधाम नगरपालिकाको नगर अधिवेशन सम्पन्न हुन सकेको छैन भने मतदान प्रक्रियाको माग गर्दै आएका आन्दोलनमा उत्रेका गणेशमान चारनाथ नगरपालिकाको पनि विवाद समाधान भइसकेको छ । जिल्ला सभापति यादवले दिएको जानकारी अनुसार गणेशमान चारनाथमा प्रतिक नेतृत्वलाई सदर गरिसकिएको छ । आन्दोलनरत पक्षसँग सहमत भई आन्दोलन फिर्ता लिएपछि उद्घाटन सत्र आह्वान गरिएको हो ।

बारा जिल्लामा उमाशंकर रौनियार र बब्लु गिरी दुईजना सभापति उम्मेदवारका आकांक्षी रहेका छन । मंगलवार उद्घाटन सत्रपछि सर्वसहमतिबाट कार्यसमिति चयन गरिने प्रयास गरिनेछ । सहमति नजुटेपछि निर्वाचन प्रक्रियामा जाने उपसभापति भगवान महतोले जानकारी दिएका छन् ।

यता महोत्तरी र सर्लाही जिल्लामा विवादका कारणले अधिवेशन अनिश्चितकालका लागि स्थगित गरिएको छ । प्रदेश सभापति तपेश्वर यादव लगायतका संगठन विभाग प्रमुख समायोजन प्रतिनिधिले आ–आफ्ना अनुसार नगर तथा जिल्ला कार्यसमिति बनाउन खोज्दा नगरदेखि जिल्लासम्म विवाद अल्झेको आरोप लागिरहेको छ ।

# सरकारको बेवास्ताले सिचाई योजना अलपत्र

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा गत वर्षको खडेरीपछि संघीय सरकारको बेवास्ताको कारण खानेपानी तथा सिँचाइ समस्याको झन बढ्दै गएको छ ।

संघीय सरकारले पर्याप्त बजेट र घोषणा गरे अनुसारको योजना अघि नबढाउंदा समस्या बढदै गएको हो । संघीय सरकारले उचित बजेट उपलब्ध गराउन नसक्दा प्रदेश सरकारले घोषणा गरेका महत्वाकांक्षी योजना कार्यान्वयनमा आउन सकेका छैनन् ।

किसानलाई राहत दिने उद्देश्यले तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले घोषणा गरिएका 'डिप बोरिङ' तथा 'स्यालो ट्यूबेल' जडान कार्यक्रम एक वर्ष बित्न लाग्दा पनि घोषणामै सीमित भएका छन् ।

गत वर्ष पर्याप्त वर्षा नहुँदा मधेश प्रदेशका अधिकांश जिल्लामा खानेपानी र सिँचाइको चरम अभाव भएको थियो । अवस्था गम्भीर बन्दै गएपछि मधेश प्रदेश सरकारले २०८१ असार २६ गते प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो ।

त्यसपछि प्रदेश सरकारको सिफारिसमा संघीय सरकारले साउन ७ गते बसेको मन्त्रिपरिषद् बैठकबाट मधेशका आठवटै जिल्लालाई तीन महिनाका लागि संकटग्रस्त क्षेत्र घोषणा संगै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश प्रदेशमा तत्काल पाँच सय डिप बोरिङ जडान गर्ने घोषणा गरेका थिए । सो घोषणासँगै संघीय सरकारले दिएको थप योजना अनुसार मधेश प्रदेश सरकारले प्रदेशभर एक हजार चार वटा स्यालो ट्यूबेल जडान गर्ने योजना सार्वजनिक गरेको थियो । तर दुवै योजना कार्यान्वयनमा आउन सकेका छैनन् ।



संघीय सरकारले धनुषाको नकटाझिजस्थित कृषि यान्त्रिकीकरण प्रवर्द्धन केन्द्रमार्फत डिप बोरिङ जडान गर्ने तयारी गरिएको जनाएको थियो । तर केन्द्रका सूचना अधिकारी तथा इन्जिनियर मनोजकुमार चौधरीले त्यस्तो कुनै कार्यक्रम कार्यालयमा नआएको बताएका छन् ।

उनका अनुसार पाँच सय डिप बोरिङ जडान गर्ने विषय सार्वजनिक भएपनि त्यससम्बन्धी कुनै आधिकारिक पत्राचार वा बजेट कार्यालयमा प्राप्त भएको छैन । नियमित कार्यक्रमबाहेक थप शीर्षकमा बजेट नआएको उनको भनाई छ ।

यसैबीच प्रदेश सरकारले ल्याएको स्यालो ट्यूबेल वितरण कार्यक्रम पनि बजेट अभावकै कारण रोकिएको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले १८ करोड रुपैयाँ लागतको 'सुक्खा क्षेत्र सहयोग कार्यक्रम' अन्तर्गत किसानलाई स्यालो ट्यूबेल उपलब्ध गराउने योजना अघि सारेको थियो ।

मन्त्रालयले साउन १२ गते सूचना प्रकाशित गरी इच्छुक किसानसँग आवेदन लिएका थिए । तर अपेक्षाभन्दा अत्यधिक आवेदन परेपछि कार्यक्रम सञ्चालन गर्न कठिन भएको भन्दै योजना स्थगित गरिएको मन्त्रालयका सूचना अधिकारी अजय ज्ञवालीले जानकारी दिएका छन् । एक हजार चार वटा ट्यूबेलका लागि २४ हजार ७७४ किसानले आवेदन दिएका थिए ।

उपलब्ध बजेटले कार्यक्रम सञ्चालन गर्न नसकिने अवस्था सिर्जना भएपछि योजना रोक्नुपरेको स्पष्ट उनको भनाई छ । आवेदन दिएका सबै किसानलाई ट्यूबेल उपलब्ध गराउन एक अर्ब रुपैयाँभन्दा बढी बजेट आवश्यक पर्ने देखिएपछि संघीय सरकारसँग सहयोग माग्दा कुनै चासो नलिइएपछि कार्यक्रम नै रोक्नु परेको उनले बताए ।

गत वर्ष मनसुन भित्रिएको डेढ महिनासम्म पनि धेरै किसानले धान रोप्न सकेका थिएनन् । रोपिएका खेतसमेत पानी अभावका कारण चिरा परेका थिए भने परम्परागत इनार र ट्यूबेल सुकेपछि ग्रामीण क्षेत्रमा खानेपानी संकटसमेत बढेको थियो । जलस्रोत अभावका कारण हजारौं हेक्टर खेतीयोग्य जमिन बाँझै रहँदा कृषि उत्पादनमा प्रत्यक्ष असर परेको थियो ।

कृषि विकास निर्देशनालयका अनुसार मधेश प्रदेशमा करिब ८६ दशमलव ३५ प्रतिशत मात्र धान रोपाइँ भएको थियो । तथ्यांक अनुसार मधेश प्रदेशमा कुल पाँच लाख ४२ हजार ५८० हेक्टर खेतीयोग्य जमिन रहेको छ । त्यसमध्ये तीन लाख ७२ हजार ६४५ हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेकोमा गत साउन मसान्तसम्म तीन लाख १९ हजार ६२६ हेक्टर जमिनमा मात्रै धान रोपाइँ हुन सकेको थियो ।

# मधेशले ३० अर्ब बढी अनुदान पाउने

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि मधेश प्रदेश सरकारले नेपाल सरकारबाट ३० अर्ब ४१ करोड ८५ लाख रुपैयाँभन्दा बढी रकम अनुदान तथा राजस्व बाँडफाँटबाट पाउने भएको छ ।




संघीय सरकारद्वारा सार्वजनिक बजेट तथा वित्तीय हस्तान्तरण विवरणअनुसार मधेश प्रदेशले समानीकरण अनुदान अन्तर्गत ७ अर्ब ८४ करोड ८५ लाख र राजस्व बाँडफाँट मार्फत १२ अर्ब ८३ करोड रुपैयाँ प्राप्त गर्ने अर्थ मन्त्रालयले जनाएको छ ।

सशर्त अनुदान शीर्षकमा ८ अर्ब १० करोड, विभिन्न विकास आयोजना तथा कार्यक्रम सञ्चालनका लागि विशेष अनुदान अन्तर्गत ७० करोड रुपैयाँ तथा समपूरक अनुदान अन्तर्गत ९४ करोड रुपैयाँ संघीय सरकारबाट उपलब्ध गराइने जनाइएको छ ।

समग्रमा मधेश प्रदेशले आगामी आर्थिक वर्षमा संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष, सम्पूरक अनुदान तथा राजस्व बाँडफाँट गरी कुल ३० अर्ब ४१ करोड ८५ लाख रुपैयाँ प्राप्त गर्ने जनाएको छ । यी अनुदान तथा राजश्व बाँडफाँट बाहेक प्रदेशको आन्तरिक श्रोत मिलाएर आगामी आर्थिक वर्षका लागि बजेट तयार पार्ने गरी तयारी भइरहेको अर्थमन्त्री युवराज भट्टराइले जनाएको छ ।

प्रदेश सरकारका लागि प्राप्त हुने यी स्रोतहरू पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी तथा अन्य सार्वजनिक सेवा प्रवाहका कार्यक्रम सञ्चालनमा खर्च गरिने अपेक्षा गरिएको छ ।

# बजेटप्रति उद्योगी व्यवसायीहरु असन्तुष्ट

**टुडे समाचारदाता**

वीरगञ्ज । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सरकारले सार्वजनिक गरेको बजेटप्रति वीरगञ्जका उद्योगी-व्यवसायी तथा विभिन्न पेशागत संघसंस्थाका प्रतिनिधिहरूले असन्तुष्टि जनाएको छ ।

बजेटमा कर तथा भन्सार महशुल सम्बन्धी केही व्यवस्था सकारात्मक भए पनि समग्र अर्थतन्त्रको पुनरुत्थानका लागि पर्याप्त र यथार्थपरक नीति तथा कार्यक्रमको अभाव रहेको भनी उनीहरूले असन्तुष्टि जनाएको हो ।

देशकै प्रमुख भन्सार नाका तथा औद्योगिक-व्यावसायिक केन्द्रका रूपमा परिचित वीरगञ्ज क्षेत्रका लागि बजेटले कुनै विशेष उत्साह नथपेको वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमको भनाई छ । उनका अनुसार अर्थतन्त्रले लामो समयदेखि भोग्दै आएका संरचनागत समस्याको समाधानतर्फ बजेट कमजोर रहेको छ। अध्यक्ष गौतमले ३६० प्रकारका कच्चा पदार्थमा तयारी मालवस्तुको तुलनामा भन्सार महशुल एक तह कम गर्ने निर्णयलाई सकारात्मक कदमका रूपमा स्वागत गरे। तर १४ खर्ब रुपैयाँ राजस्व संकलन तथा २ खर्ब ४७ अर्ब रुपैयाँ वैदेशिक ऋण ल्याउने लक्ष्य यथार्थपरक नरहेको बताए । वैदेशिक सहायता पनि अपेक्षाअनुसार प्राप्त नहुने दाबी गर्दै उनले चालू खर्च नियन्त्रणमा नआउने र विकास बजेटका लागि स्रोत अभाव हुने अवस्था देखिएको उनको भनाई छ ।

नेपाल राष्ट्रिय बीमा अभिकर्ता संघ वीरगञ्जका अध्यक्ष कमलप्रसाद बरालले बजेटले बीमा अभिकर्ता पेशालाई व्यवस्थित र प्रोत्साहन गर्ने स्पष्ट नीति ल्याउन नसकेको गुनासो गरे। पूर्णकालीन अभिकर्ताको कमिशन आयमा लाग्ने कर १५ प्रतिशतबाट २० प्रतिशत पुऱ्याइएकाले साना अभिकर्ता थप समस्यामा पर्ने उनको भनाइ छ ।

नेपाल औषधि उत्पादक संघका वरिष्ठ उपाध्यक्ष प्रभात रुँगटाले स्वदेशी औषधि उद्योगलाई राहत दिने कुनै विशेष नीति बजेटमा समावेश नगरिएको बताए । उद्योगमुखी सुधारको अपेक्षा गरे पनि बजेटले त्यसतर्फ ठोस सम्बोधन नगरेको उनको भनाइ छ । निजी क्षेत्रबाट सञ्चालित अस्पतालमा स्वास्थ्य बीमा सेवा बन्द गरिएको र भुक्तानी रोकिएकाले समग्र स्वास्थ्य सेवा क्षेत्र प्रभावित हुने उनको भनाई छ ।

वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष माधव राजपालले आयकर छुटको दायरा विस्तार र अन्तःशुल्क सुधार सकारात्मक पक्ष भए पनि अवैध आयात नियन्त्रणका विषयमा बजेट मौन रहेको आरोप लगाएका छन् । भारतबाट आयात हुने वस्तुको भन्सार महशुल त्यहाँको जीएसटीका आधारमा निर्धारण गर्नुपर्ने माग बजेटले सम्बोधन नगरेको उनको भनाई छ ।

# बालकको शव फेला पऱ्यो

**टुडे समाचादाता**

जलेश्वर । महोत्तरीको सम्सी गाउँपालिका-५, पोखरभिण्डा घर भएका तीन वर्षीय बालक मनिकेश कुमार यादव मृत अवस्थामा फेला परेको छ ।



तीन दिनदेखि ती बालक हराएको थियो । सम्सी गाउँपालिका-५, पोखरभिण्डा निवासी रोहित यादवका छोरा मनिकेश जेठ २२ गते शुक्रबार साँझ आफ्नै घर छेउमा खेल्ने क्रममा हराएको थियो ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता समेत रहनुभएका प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेका अनुसार हराएकै दिनदेखि आफन्त तथा प्रहरीले खोजतलास गरे पनि बालक फेला पार्न सकिएको थिएन ।

बालक मनिकेशको शव सम्सी गाउँपालिका-५ स्थित ब्रह्मस्थान नजिकैको राजकिशोर तेलीको पोखरीमा पानीमा तैरिरहेको अवस्थामा फेला परेको प्रहरी नायब उपरीक्षक गोलेले बताएका छन् ।

जेठ २४ गते साँझ बोरामा बाँधिएको अवस्थामा बालकको खुट्टा देखिएको सूचनाका आधारमा प्रहरी टोली घटनास्थल पुगेपछि शव फेला परेको उहाँले जानकारी दिएका छन ।

बालकको शव बोरामा बाँधिएको अवस्थामा फेला परेकाले हत्या गरेर पोखरीमा फालिएको हुन सक्ने प्रारम्भिक अनुसन्धानबाट देखिएको प्रहरीको भनाइ छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मुख्यमन्त्री कार्यालय घेर्ने : शहीद परिवार

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश आन्दोलनका शहीद परिवार फेरी आन्दोलित भएका छन् । उनीहरुले मंगलवार जनकपुरधामस्थित मुख्यमन्त्री कार्यालय घेराउ गर्ने भएका हुन् ।

सोमबार जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै सहीद परिवारका सदस्यहरुले आफूहरुलाई अहिलेको




प्रदेश सरकारका मुख्यमन्त्री कृष्ण यादव र गृहमन्त्री फकिरा महतोले वेवास्ता गरेको आरोप लगाएका छन् । प्रदेश सरकारले शहीद परिवारका लागि उपलब्ध गर्ने भनिएका सेवा सुविधाबाट आफूहरुलाई वञ्चित गरिएको भन्दै अनिश्चितकालिन आन्दोलनको घोषणा गरेका छन् ।

गतवर्ष पनि प्रदेश सरकारको लापरबाहीका कारण मधेशी शहीद प्रतिष्ठानका लागि छुट्याइएको बजेट फ्रिज हुन पुगेको प्रतिष्ठानका सदस्य एवम् शहीद चन्दन पटेलका पिता अवदेश पटेलले जानकारी दिए । उनले यस वर्ष पनि प्रतिष्ठानको बजेट फ्रिज हुने निश्चित भएको बताए ।

पटेलका अनुसार बजेट फ्रिज हुनुको मुख्य कारण मुख्यमन्त्री र गृहमन्त्री रहेको छ । संघीयता स्थापना भएको समय मधेश प्रदेश सरकारले एक शहीद एक रोजगार घोषणा गरेको थियो । सोअनुरुप हरेक शहीद परिवारको एक सदस्यले पाउनु पर्ने रोजगारी सबैलाई दिनुपर्ने शहीद परिवारका सदस्यहरुको माग रहेको पटेलले जानकारी दिए ।

उनले शहीद परिवारका सदस्यहरुको शिक्षा, स्वास्थ्यको ग्यारेन्टि गर्नु पर्ने माग रहेको बताए । शहीद परिवारका निम्ति प्रदेश सरकारले २ वर्ष देखि ल्याउने भनेको ऐन हालसम्म प्रदेश सभामा पनि प्रस्तुत नगरेकोमा सो ऐन छिटो भन्दा छिटो प्रदेश सभामा प्रस्तुत गर्नु पर्ने आफूहरुको माग रहेको पटेलको भनाइ छ ।

शहीद परिवारका सदस्यहरुले भोलि (मंगलबार) मुख्यमन्त्री कार्यालय घेराउ गर्ने, बुधबार भोक हड्ताल गर्नेलगायतका आन्दोलनका विभिन्न रणनीतिहरु अपनाउँदै जाने मधेशी शहीद प्रतिष्ठानका सदस्य पटेलले जानकारी दिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८